# परमार्थ ज्ञान दर्शन

बौद्ध ऋषि महाप्रज्ञा

अनुवादक

भिक्षु विशुद्धानन्द "प्राणपुत्र"

Dhamma.Digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# परमार्थ ज्ञान दर्शन

बौद्ध ऋषि महाप्रज्ञा

अनुवादक
भिक्षु विशुद्धानन्द "प्राणपुत्र"

Downloaded from http://dhamma.digital

प्रकाशक :
**श्रीमती शोभा लक्ष्मी बज्राचार्य**
मखन टोल,
काठमाडौं


| | | |
|---|---|---|
| प्रथम संस्करण | - | १००० प्रति |
| बुद्ध जन्म वर्ष | - | २६२० |
| बुद्ध सम्वत | - | २५४० |
| नेपाल सम्वत | - | १११६ |
| विक्रम सम्वत | - | २०५३ |
| ईस्वी सम्वत | - | १९९६ |

**मूल्य :** धम्म दान

**मुद्रक : विद्याधरी प्रिन्टिङ्ग प्रेस,**
पाटन औद्योगिक क्षेत्र, ललितपुर ।
**फोन :** नं. ५-२४७९५, ५-२६७६२

Downloaded from http://dhamma.digital

जन्म
माघ १९८७



मरण
बैशाख १८, २०५२

## स्व. नरेन्द्र सिद्धि गुभाजु

को सुगति कामना गर्दै यो पुस्तक धम्मदान गरिएको छ ।

दाताहरू :

**श्रीमती शोभा लक्ष्मी बज्राचार्य**

**मखन टोल, काठमाडौं ।**

**फोन नं. : २२३२०६**

**छोरा, छोरी, बुहारीहरू :**

सुरेन्द्र सिद्धि बज्राचार्य - विशाखा बज्राचार्य
रविन्द्र सिद्धि बज्राचार्य
सतेन्द्र सिद्धि बज्राचार्य - शीला बज्राचार्य
ललिता कंसाकार

**नाति, नातिनीहरू :**

रूजा सिद्धि बज्राचार्य
सिल्भिया सिद्धि बज्राचार्य
हस्तिना कंसाकार

Downloaded from http://dhamma.digital

# अनुवादकको भनाई

अर्ति भनेको घर्तिको पनि मान्नु पर्छ भन्छ। त्यसमा पनि विद्वानको अर्ति उपदेश भएत कुरा नै गर्नु परेन। त्यसमा पनि सम्यक सम्बुद्ध शिक्षा त सदा शिरोधार्य गर्न योग्य छ। त्यसमा पनि अनात्म शिक्षा गम्भीर भएर पनि ज्ञान चक्षु बोधक छ त्यसै शिक्षालाई सरल ढङ्गले उपमा सहित बुझाउन सक्नु स्व. महाप्रज्ञाको विशेषता रहेछ भन्ने यस पुस्तकबाट छर्लङ्ग बुझिन्छ। गुणीको बढ्याईं गरी रहनु पर्दैन संगत गरेपछि थाहा पाइन्छ। त्यसरी नै तपाईंको हातमा पुस्तक परी सकेको त्यसैले धेरै गुनगान नगरौं। तर पुरानो आत्मवादी धारणामा ठेस लाग्यो भने कसैलाई दोष नदिनु होला सिवाय आफ्नो मूर्खतालाई र सक्नु हुन्छ भने अरूको पनि मूर्खतालाई घचघच्याउने काम गर्नु होला।

दाताहरू लगायत सबैको कल्याण होस् स्व. नरेन्द्र सिद्धि बज्राचार्यको सुगति लाभ होस् सद्धर्म चिर स्थायी होस्।

विद्याधरी प्रिन्टिङ्ग प्रेस परिवार सहित सबैलाई

**नयाँ वर्ष २६२० को**

मंगलमय शुभ-कामना।

**भिक्षु विशुद्धानन्द "प्राणपुत्र"**
**सुमंगल विहार**
**पाटन**

Downloaded from http://dhamma.digital

# नमो बुद्धाय

संसारमा मनुष्य जाति भएर पनि मनुष्यले गर्नु पर्ने कर्तव्य थाहा नपाएर बस्नुपर्ने दुःर्भाग्य हो। मानिसको कर्तव्य के हो ? यो जान्न सकिन ।

संसारमा भने अनेक प्रकारका धर्म छन् । एक से एक ठूलो धर्म भन्दछ । कुन चाहीं धर्म ठूलो ? यो मैले जानिन । सम्प्रदाय पिच्छै एक एक जना देवता छ, एक भन्दा अर्को ठूलो भन्दछ, एक देखि अर्को देवता समान छैन । एउटा टाउको, तीन वटा टाउको, चार वटा टाउको, पाँच वटा टाउको, सोह्र वटा टाउको भएका देवताहरु छन् - कुन देवता ठूलो ?

फेरि - दुइटा आँखा, तीन वटा आँखा, सात वटा आँखा, हजार वटा आँखा भएका देवताहरु पनि छन् ।

फेरि - सेतो वर्ण, नीलो वर्ण, हरियो वर्ण पहेंलो वर्ण ।

फेरि - दुइटा हात, चार वटा हात, आठ वटा हात,अठार वटा हात र हजार वटा हात भएका देवताहरु पनि छन् । एक भन्दा अर्को देवताहरु छन् , मुख्य ठूलो देवता चिन्न सकिन । त्यसैले दुःख मुक्त हुने ज्ञान दाता एक जना पनि देखिन ।

एक एक जना देवताको एउटा एउटा मन्त्र बनाएर देवता साधना गर्ने विधि बनाएर या मनले विश्वास गर्ने गरी पूजा आजा गरी देखाई रहेको देखिन्छ । सबै देवताहरु प्रत्यक्ष भएकाहरु, मनोकामना पुऱ्याई दिनेहरु, सन्तान हुने वरदान दिनेहरु, धन दिनेहरु, स्वर्गवास पठाउनेहरु - देवताहरु भन्दछन् ।

त्यस देवताहरुले विश्वास नगरी हेला गर्नेहरुलाई - रोग शोक, भय आदि दण्ड दिने देवता भनेर अनेक प्रकारले त्यस कुराको प्रमाण दिनलाई नाना प्रकारका कथा बनाएर लोकलाई विश्वास हुने प्रमाण दिएर सुनाउने गर्दछन् । शंका गर्नु हुदैन, आलोचना गर्नु हुदैन, भनी अन्धविश्वासमा पारेको प्रायः देखिन्छ ।

हरेक सम्प्रदायको एक एक वटा पर्व दिन बनाएर, पूजा, आजा, होम यज्ञ आदिका सरजाम बनाएर, ध्वजा पताकादि मनोरञ्जन हुने गरी शृंगार गरी, भक्तजन जम्मा गरेर गण्यमान्यहरु आव्हान गरी, नृत्य गान बजाना, फिल्म आदि प्रदर्शनी देखाएर, -



Downloaded from http://dhamma.digital

पैसाखानेहरुले भापण गराई, भोज मनाएर, गुल्जार गरी प्रशंसाको पात्र भएर देखाएको देखिन्छ। जीवन सार हुने ज्ञान या उपदेश सुन्ने छैन।

झगडा गरेर, पनि तर्साएर पनि, कराएर पनि, षडयन्त्र रचेर पनि, जनतालाई जम्मा गरेर शोभा वृद्धि गरी देखाई रहेछ। आफ्नो धर्म माथि पारेर, पर धर्मलाई निन्दा गरी हेला गरी हुल्याहा छाडेर, जासुस छाडेर पनि पर धर्मलाई दबाउने काम गरी रहेको देखिन्छ। एउटा संस्थाले अर्को संस्थालाई अपमान गरी कराई हिडनेहरुको मन कसरी शुद्ध हुन्छ ? त्यसैले मेरो मन पनि सन्तोष भएन।

आचार्य हुनेहरुले धर्म रचना गरी श्लोक बनायो, हँसियाको धारले आफैंतिर देखाएर कथा भन्दछ, धर्म गरेको कर्मको फल आफैले भोग गर्नु पर्ने ज्ञान विचार नगरीकन मन लागे जस्तो कर्म गरी हिड्यो। यदि कर्मफल भोग गर्नु पर्ने ज्ञान नै छैन भने उनीहरु कसरी धार्मिक हुन्छ ? ज्ञान भएको भए अपराधी किन हुन्छ ?

श्लोक अनुसार कलाकारले सुन्दर मूर्ति निर्माण गरी दियो। लेखकहरुले पैसा र नामको लागि उपन्यास अनुसारले सांच्चैकै भैं हुने गरी व्याकरण, कोष साहित्य, तर्क मिलाई इतिहास नै हो जस्तो गरी कथा बनाएर सभा मण्डलमा पढेर सुनायो, श्रोतागणहरुले प्रसन्न भएर प्रशंसा गरे - त्यहाँ कर्मचारीहरुले लेखकलाई सुवर्णको तक्मा प्रदान गऱ्यो।

पम्प्लेट छापेर वितरण गऱ्यो। दलालले नामको लोभ प्रोपगण्डा गऱ्यो, आचार्य हुनेको ढुकुटी बलियो भयो, सेक्रेटरी हुनेको हक बलियो भयो, कोषाध्यक्ष हुनेको व्याज तिर्नु नपर्ने गरी व्यापार चलाउन पायो ।

त्यसरी भन्नु हुँदैन। त्यो देवता रिसाहा छ, निन्दकलाई रगत पिउँछ, टाउकोमा कुल्चिन्छ डरलाग्दो छ, त्यसरी नभन भनी त्रास दिइयो। त्रास गर्नाले कसैले पनि आलोचना गर्न सकेन। आलोचना भएन भने धर्ममा मल भएर आउँछ।निर्मल हुन सक्दैन। आचार्यहरूले जनताहरूका विचार रहित स्वभाव थाहा पाएर आफ्नो स्वार्थ पूर्ति हुने तरिका षडयन्त्र रचेर ल्याएको देखिन्छ।

हुनुपर्ने यो हो कि नजान्नेहरूका संशय हुनु स्वभाव हो, उनीहरूले आलोचना गर्दछ। यदि शुद्ध आचार्य हो भने-आलोचकहरूलाई नजानेको नबुझेको राम्ररी बुझ्ने



Downloaded from http://dhamma.digital

गरी बताई दिन्छ , स्वार्थी आचार्य हो भने आफूलाई अप्ठ्यारो पर्दै आयो भने रीश गरेर, हकारेर सोध्न नसक्ने गरी गाली दिएर पठाउँछ। नकली संस्था बनाएर स्वार्थ पुरा गरी बस्नेहरूलाई धेरै नै अप्ठ्यारो पर्न आउँछ, धेरै नै अप्ठ्यारो हुना साथ अनेक जुक्ति गरी तर्साएर पठाउन खोज्छ।

अशली संस्था बनाएर साँच्चैकै धर्मप्रचार गर्नेहरू हो भने आलोचकहरूलाई बुझ्ने गरी, शान्तपूर्वक नबुझेको बुझ्ने गरी प्रश्नको उत्तर दिनु, लाभ गर्ने आशा नगरीकन करूणा राखेर प्रश्नकारकहरूको मनमा प्रभाव पर्ने गरी शान्तले उत्तर दिएर सन्तोष बनाएर पठाउँछ।

जुन सुकै धर्ममा देवतालाई पनि विश्वास गर्नु पर्ने गुरुले बताएको कुरामा पनि विश्वास गर्नुपर्ने भन्दछ। यदि विश्वास नगरी शंका गऱ्यो भने त्यो व्यक्ति धार्मिक हुँदैन नर्क जाने हुन्छ भनी डर देखाएको छ।

मेरो आफ्नो विचार यस्तो छ भन्यो कि विश्वास गर्नुपर्ने छैन विचार गर्नु पर्ने हो। प्रकृतिको स्वभाव धर्म यो हो कि जस्तो कर्म त्यस्तो फल भोग गर्नु पर्ने हो सिवाय धान रोपेर गहुँ फलाउने कुनै देवतामा शक्ति छैन। अपराधी देवता माथि विश्वास गर्नासाथ विपाक भोग काट्न सक्दैन, भोग गर्नु नै पर्दछ। त्यसैले कर्तव्य नै पालन गर्नु पर्दछ। राम्रो कर्तव्यको फल देवताले दिनु पर्दैन, प्रकृतिको स्वभावले नै भोग गराउँछ। नराम्रो कर्मको फल कसैले श्राप दिनु पर्दैन, प्रकृति स्वभावले नै भोग गराउँछ। त्यसैले कर्तव्य पालन गर्नु उत्तम हो।

विश्वास नभएको पनि भएर आउँछ , नभएको पनि हुन आउँछ, भएको र हुन आएको साँच्चै कै सारयुक्त हुन सक्दैन। त्यसैले मुक्त हुँदैन, सिर्फ अज्ञानीहरूलाई मनमा सन्तोष लिनु मात्र हो। पाइने कर्तव्य पालन गरी आउनेलाई देवताले दिन पर्दैन। संस्कार नभएकोलाई विश्वास पनि दिन सकिदैन। देवताले दिन सक्दैन। अँध्यारोमा ब्याक छ भनी विश्वास भएको डराउँछ।, विश्वास नभएको डराउँदैन। त्यसरी नै मात्र हो विश्वासको महिमा।

मलाई पनि एक पल्ट भगवान बुद्धले आकाश मार्गबाट आउनु भएर दर्शन दिनु भयो। त्यहाँ मेरो विचारमा भगवान बुद्ध निर्वाण भई सक्नु भयो, अहिले यहाँ वहाँ



Downloaded from http://dhamma.digital

कसरी आउनु भयो भनी शंका हुँदा हराएर गयो। वहाँले दर्शन दिनु भएको के साँच्चैकै हो कि ? त्यो त विश्वासको फल मात्र हो, साँच्चैकै होइन।

विश्वासले उत्पन्न भएको देवता अज्ञानीको मनमा सन्तोष हुने मात्र हो, सिवाय तथ्यता होइन। त्यसैले विश्वास भनेको विचार ज्ञान नहुने अज्ञानीहरूलाई भक्ति मार्गमा आशा देखाएर भुलाउने उपाय हो। अपराधीहरूले गरेको अपराध लाई विश्वासले काटिदैन, कर्तव्यले नै सुधार गर्नु पर्ने निश्चय हो। सुनलाई सुन भनी विश्वास गर्नु पर्ने छैन, सुन नै हो। सुन नभएकोलाई सुन भनाउन सुन हो भनी विश्वास गराई सुन भएर आउँदैन। त्यसैले विचारवानले कर्तव्य नै प्रधान गर्नु सिवाय विश्वासलाई प्रधान गर्दैन। विश्वास नै फलदाता भनेर आचार्यहरूले अनेक प्रकारका प्रमाण दिएर सिद्धान्त मनाएर विश्वास गर्नु पर्ने कर लगाएर राखेको देखिन्छ।

आ-आफ्नो सम्प्रदायको चिन्ह आ-आफ्नो एउटा एउटा भेप बनाएर धारण गर्नेहरू धेरै बनाएर देखायो। धर्म नै थाहा नभएका भेषधारीहरूले धर्मको बदनाम हुने गरी हिंड्यो। धर्म प्रचार भएको चिन्ह, आ-आफ्ना सम्प्रदायमा कतिसम्म जनता वृद्धि भएको हो त्यसको चिन्ह एउटा एउटा देखायो। कसैले गलामा माला, कसैले एक प्रकारका टिका, कसैले जटा, कसैले देवमूर्ति, कसैले पुस्तक। यहाँ ज्ञानको चिन्ह प्रचार भएको देखिदैन। धर्म भनेको आजकाल श्रद्धाले उत्पन्न भएको देखिंदैन, करकापले चन्दाले उत्पन्न भै चलिरहेको देखिन्छ। धर्म प्रचारकहरू जतिसुकै भएतापनि जतिसुकै रातदिन कराई हिंडेता पनि दुःखले मुक्त हुने ज्ञानको प्रचार भएको देखिंदैन।

१. धर्म गर्नु पर्ने किन ?
२. धर्म भनेको कस्तो ?
३. धर्मको फल कस्तो ? जान्नु आवश्यक छ।

१. आफ्नो कल्याणार्थ धर्म आवश्यक छ।
२. आफूलाई शुद्ध गर्ने काम धर्म हो।
३. धर्मले आफ्नो जीवनमा शान्ति पाइन्छ।

मनमा शान्ति हुनेको सुगति प्राप्ति हुन्छ वा ज्ञान चक्षु खुलेर आउँछ। मंस चक्षुले



Downloaded from http://dhamma.digital

अगाडि भएको मात्र देख्दछ। ज्ञान चक्षुले निराकार पदार्थको लक्षण स्वभाव, तत्व स्वभाव र विपश्यना स्वभावलाई देख्दछ। स्वभावले चलिरहेको संसारको गतिविधि उत्पति, स्थिति, भंग भएको लक्षण स्वभाव देखिन्छ।

यो ज्ञान चक्षु लाभ गर्न पहिले शील शुद्धि आवश्यक पर्दछ। शील शुद्धिले मात्र मन शुद्धि भएर विचार गर्ने अभ्यासले मात्र ज्ञान चक्षु खोल्दछ। मिथ्या दृष्टि, अन्धविश्वास-भने भने अनुसार गर्नु, कोरा सिद्धान्त लिएर लेखेको भरमा ज्ञान चक्षु उत्पन्न हुँदैन। ज्ञान चक्षु भनेको नै विचार गर्नु हो। विचार गरी हेर्नु अभ्यास नभएकोलाई ज्ञान चक्षु खुल्नु असम्भव छ। यही अनित्य दुःख अनात्म तत्वको स्वभाव चलेकोले संसारमा प्राणीहरूलाई दुःखले व्याकुल भईरहेका छन्। ज्ञानले बुझेर दुःख मुक्त हुने ज्ञान धर्म आचरण गर्नु पर्ने हो।

आफूले गरेको कर्मको फल भोग गर्नु पर्ने पनि तत्व स्वभावले नै आउने हो। गरिसकेको कर्मको फल मन परे पनि नपरे पनि भोग नगरी हुँदैन। भोग नगरी नहुने कर्मको फल कसैले पनि माफी दिएर माफी हुँदैन पनि क्षमा दिएर क्षमा हुँदैन पनि। भोग नगरी हुँदैन। ऐनाको अगाडि बस्ने व्यक्ति जसरी जसरी चल्दछ ऐना भित्र देखिने छाया पनि अलिकता पनि फरक नपारी चल्दछ। त्यसरी नै कर्मको फल पनि तत्व स्वभावले अलिकता पनि फरक नपारी विपाक भोग गर्नु पर्दछ। त्यही विपाक भोग गर्न नपरीस् भन्नाका लागि कर्म सुधार हुने धर्म गर्नु परेको हो। देवतासंग क्षमा माग्ने प्रथाले गर्दा कर्म सुधार गर्ने प्रथा हराएर गई सक्यो। त्यसैले गर्दा जति सुकै धर्म गरेता पनि दुःखबाट मुक्त हुन सकेको छैन।

भगवान बुद्धको उपदेश संग्रह भएको त्रिपिटकको पनि सारभएको चतुरार्य सत्य ज्ञान अनुतर बोधिज्ञान हो। कसैले पनि होइन भनेर विरोध गर्न सक्दैन। यो ज्ञान धर्मले मात्र मलाई चित्त बुझायो।

संसारमा जन्म हुनु पर्ने नै दुःख सत्य हो।
जन्म हुनुपर्ने हेतु तृष्णा सत्य हो।



Downloaded from http://dhamma.digital

जन्म लिनु नपर्ने ज्ञान पनि सत्य छ।
त्यो ज्ञान आर्य अष्टाङ्गिक मार्ग सत्य हो।

यी चार आर्य सत्य ज्ञान ज्ञानचक्षुले यथार्थ हुनेगरी देख्नु सम्यक दृष्टि हो।

भौतिक दुःख, शारीरिक दुःख, मानसिक दुःख, यी दुःखहरू हेतु विना उत्पन्न हुदैनन्। हेतुले उत्पन्न भएको हो भने त्यस हेतुलाई त्याग गरिदियो भने दुःख कहाँ हुन्छ ? त्यही त्याग गर्नलाई चर्या गर्नु नै धर्म हो। चर्या गर्ने धर्म नै बौद्ध धर्म हो।

चतुरार्य सत्य ज्ञान बुझेर दुःखको हेतु नष्ट गर्न पहिला आफैंले संकल्प गर्नु पर्दछ। अब देखि म पाप गर्दिन, पाप गर्ने जालबाट बाहिर निस्कने संकल्प गर्नु। अब देखि म कसैको पनि दोष सम्झेर बस्दिन। अब देखि म कुनै प्राणीलाई हिंसा गर्दिन भनी संकल्प गर्नु।

अबदेखि गरी सकेको पाप कटाउन आइपरेको दुःखलाई सहनशीलवान बन्नु अरू पापबाट बच्न शील पालन गर्नु। पापबाट अलग हुन पुण्य गर्न सक्नु, पुण्य बृद्धि गर्दै लानु। प्राणी हिंसा नगर्नु, अदिन्नादान (चोरी) नगर्नु, व्यभिचार नगर्नु, मिथ्या कुरा नगर्नु चुक्लि नलगाउनु, कडा बचन नबोल्नु, अनावश्यक गफ नगर्नु शील रक्षा गर्नु हो। यति शीलले रक्षापूर्वक जीवन बिताउनु शील रक्षा गर्नु हो। उक्त शील परिशुद्ध भएर मात्र सम्यक स्मृति गर्ने भावना गर्न योग्य हुन्छ।

सम्यक स्मृति भावना गर्नु अगाडि पहिला चञ्चल मनलाई नै समाधान गर्न सक्नु पर्दछ। विक्षिप्त भएको मनले भावना गर्न सक्दैन। त्यसैले मनलाई पहिले संक्षिप्त गरेर मात्र भावना गर्न सकिन्छ।

मन समाधन गर्ने साधन गर्नलाई कर्मस्थान आचार्य गुरुहरूको संगतले मात्र हुन्छ पण्डितहरूको संगत द्वारा हुँदैन। अनुभवी गुरु होइन भने साधकहरू गल्ति हुने सम्भावना डर रहन्छ। स्मृति चर्या गर्ने विधि निर्वाण मार्गमा देखाइएको छ।

निर्वाण मार्गमा धम्मानुपस्सनाको अर्थ-सुत्रार्थ अनुसार मात्र छ - परमार्थ अनुसारको अर्थ यस ग्रन्थमा उल्लेख गर्दैछु।

धर्म भनेको स्वभाव धर्म हो। बाहिरको स्वभाव धर्म भित्रको स्वभाव धर्म र



Downloaded from http://dhamma.digital

अभ्यन्तरको स्वभाव धर्म भनी तीन प्रकारका स्वभाव धर्म छन्।

बाहिरको स्वभाव धर्म काम, क्रोध, लोभ, मोह, मान, दृष्टि, यी ६ प्रकारका स्वभाव धर्म उत्पन्न हुने क्लेश हुन्। क्लेश भनेको मार हो। मार भनेको शत्रू हो। यी शत्रूहरू स्वभावले उत्पन्न हुन्छन्। यी ६ मारलाई चर्या द्वारा दमन गर्नु तपश्या हो।

भित्रको स्वभाव धर्म-पञ्च इन्द्रिय द्वारा अनुभव भएको विषय उपादा रूपको आरम्मणलाई पनि धर्म नै भन्दछ। बितिसकेको पञ्च विपय सम्फेर आउने त्यो काम नलाग्ने भै सक्यो। भविष्यको विषय सम्फना आउने, आउँदै नआएको त्यो पनि विश्वास छैन। वर्तमानमा सम्फिएको विषय पनि असार भनी सम्फेर त्याग गर्नु यो स्वभावले धर्म मेरो अधिनमा छैन भनी त्याग गरी विजय हुनु पर्दछ।

अभ्यन्तरको स्वभावले धर्म पञ्चस्कन्ध चली रहेको धर्म कृया मात्र हो।

१. रूप स्कन्ध शरीरको अवयव आदि।
२. संस्कारको स्वभावले क्रिया चलिरहेको हो।
३. क्रिया चलेकोले प्राण उत्पन्न भएर चेतने भएर थाहा पाउने संज्ञा हुन आयो।
४. थाहा पाएकोले सुख दुःखादि वेदना उत्पन्न भयो।
५. सुख दुःखादि अनुभव भएकोले जान्ने विज्ञान उत्पन्न भएर कर्म कारक मन उत्पन्न भएर संसार सञ्चालन भैरहेको छ।

यो पञ्च स्कन्धमध्ये रूप एउटा साकार हो। अरू चारवटा निराकार हुन्। यो मात्र तत्व हो। यसमा मेरो, म, त्यसमा म छु भनी भाव भएर बसेको केवल भ्रम मात्र हो भनी जानेर अनित्य दुःख अनात्म भनी थाहा पाएर म भाव छाडेर उपादान नहुने गरी मुक्त भएर बस्नु - यो हो अभ्यन्तरको स्वभाव धर्म।

यस प्रकारले धर्मानुपश्यना चर्या गरी महाप्रज्ञा ज्ञानले तत्व केलाउँदै संज्ञा व वेदना दुईटालाई परस्पर हेतु भएका छन्। यो नाम रूप निरोध हुने उपाय अजन्म हो। उपादान निरोधले जन्म निरोध हुन्छ। जन्म निरोध भएमा पञ्च स्कन्ध निरोध भएर दुःख मुक्त हुन्छ। यो नै नामरूपको तत्व तत्व केलाई हेर्दा-

चित्त चेतसिक रूप निर्वाण मात्र छन् भन्ने ज्ञानमा समाधिस्त भएर हेतु शुन्य भएको निर्वाण प्राप्त हुन्छ।

यस ज्ञानलाई जोडा अर्को धर्म मैले देखिन। यही ज्ञानले मात्र म कृतार्थ भएँ, मनमा शान्ति प्राप्त भयो -

जगत प्राणीको जय !



Downloaded from http://dhamma.digital

# पहिलो कुरा

विक्रमाब्द १९८८ सालमा भिक्षु महाप्रज्ञा अर्कन (म्यानमार) देशको म्योहाउँ नाम गरेको जंगलमा एकतीस बुद्ध मूर्ति भएको सुंसेतस नामक विहारमा विहार गर्नु भएको समयमा, गुरु महाप्रज्ञा र शिष्य शासनज्योति दुवैको छलफल भएको कुरा भविष्यमा लोकजनहरूलाई उपकार हुने भन्ने विचारले ङफ्यूआउँ नामले प्रसिद्ध हुनु भएको अर्कनको पण्डितले बर्मी भाषामा उल्लेख गर्नु भएका किताबलाई नेपाल भाषामा अनुवाद गरि एकोबाट पुनः नेपाली भाषामा अनुवाद भइरहेको छ।

बर्मी भाषाको पुस्तकमा महाप्रज्ञालाई अत्यधिक प्रशंसा गरी लेखि राखेकोमा अर्हन्त सम्म भनिएको कुरालाई स्वयं महाप्रज्ञाले पनि 'बढी कुरा भन्नु भएको छ भन्ने नेपाल भाषाका अनुवादकले लेखि राखेको छ।

पहिला नेपालमा विक्रमाब्द १९८१ सालमा बौद्ध भिक्षु भन्नेहरू बीउ नै नभएको वखतमा नानीकाजी श्रेष्ठ भन्ने एकजना लामा धर्ममा दीक्षित भएर पल्धेन श्यरब नामले बौद्ध भिक्षु (लामा) भएर निस्कियो। क्येरूङ्ग भनिने भोट देशमा जानुभएर फाक्पा भन्ने गुम्बामा प्रवजित हुनु भयो। साम्तलि गुम्बामा ध्येछुल हुनु भयो। गुरु हुने ल्हासाको छिचोंली गुम्बाको कुश्यो रिम्पोछे भन्ने अवतारी लामा हुनुहुन्थ्यो। त्यहाँ संगै प्रवजित हुनेहरू पल्धेन श्यरव, पल्धेन दावा, पल्धेन ख्यरव, वहाँहरू तीन जना नेपालतिर आउनु भयो। पल्धेन ख्यरव एकजना त्रिशूलीमा अलगिएर आरूघाटमा जानुभयो। पल्धेन श्यरब र पल्धेन दावा दुई जना नेपालमा नागार्जुन भन्ने जंगलमा लदाकको हेरिनोर्वु भन्ने लामासंग वस्नुभयो। त्यहाँ नै वहाँले समाधिको ज्ञान प्राप्त गर्नु भयो।

पल्धेन श्यरव भन्ने महाप्रज्ञा हुनुहुन्छ। पल्धेन दावा भन्ने महाचन्द हुनुहुन्छ।

त्यहाँ नै अरू तीन जना प्रबजित भए। उनीहरू तीन जनालाई पनि महाप्रज्ञाको नाम लिएर महाज्ञान, महावीर्य, महा क्षान्ति भनी नामाकरण गरियो। क्रमशः अहिंसा धर्म प्रचार भएकोले धेरै जनता प्रभावित भए। त्यहाँ मारचक्र घुम्दै आएर कस कसले पोल लगाएकोले महाराज चन्द्र शम्शेरले पक्रन पठायो। एक महिना आठ दिन सम्म थुनि राखेर नेपालबाट बाहिर देश निकाला गऱ्यो। तसर्थ राणा शासन भएसम्म महाप्रज्ञा नेपालमा प्रवेश गर्नु नहुने भयो।



Downloaded from http://dhamma.digital

५ वर्षपछि एकपल्ट शिवरात्रीको हुलमा मधेसका जनताहरू साथमा नेपालमा प्रवेश गर्नुभयो। त्यसबेला नेपालको उपासक एकजना र उपासिका तीनजना महाप्रज्ञासंग त्यागी भएर गए।

उपासक-वटु टोलको माहिलाकाजी भन्ने सिकर्मि हो। उपासिकाहरू मध्ये इन्द्रचौकको धंछिमि तुलाधर, जनवहालको चन्द्रमाया गुभानी र किलागलको पुण्यतारा सापूनी हुन्। उनीहरू चारजना कुशीनगर लगेर चन्द्रमणी महास्थविर कहाँ प्रव्रजित भए।

माहिलाकाजीको नाम श्रामणेर शासनज्योति भयो। धंछिमिको नाम अनगारिका धर्मपाली, चन्द्रमायाको नाम अनगारिका संघपाली र पुण्यताराको नाम अनगारिका रत्नपाली भयो। श्रामणेर शासनज्योति एकजना प्रव्रजित भए देखि ध्यानमा रत हुन थाल्यो।

त्यहाँदेखि गुरुवर चन्द्रमणि महास्थविरको दयाले बर्मा जाने संयोग प्राप्त भयो। महाप्रज्ञा र शासनज्योति दुई जना बर्मा जानुभयो। रंगुन पुग्नु भएर ताम्वे पोष्ट अफिसमा भएको सांरिला भन्ने टोलमा च्याँउम्याउँ भन्ने विहारमा बस्नु भयो। विक्रमाव्द १९८७ साल बैशाख शुक्ल पूर्णिमाका दिन त्यही विहारका नायक ऊ केसरा महास्थविर को उपाध्यायात्वमा दुवै जना उपसम्पन्न हुनु भयो।

एकैदिन दुवैको उपसम्पन्न भएतापनि महाप्रज्ञा प्रथम नागो र शासनज्योति दुतीय नागो भएकोले महाप्रज्ञा जेठा हुनुभयो। पहिला पनि गुरु शिष्य भएकाले अहिले पनि गुरु शिष्य भई बसे।

त्यहाँ त्यही विहारमा ९ महिनासम्म बसेर त्यहाँबाट अर्कन तिर जानुभएर चैत्वेम्यो भन्ने शहरमा परियत्ति हाउँ भन्ने विहारमा अढाई महिना सम्म बसेर त्यहाँबाट पनि म्यो हाउँ भन्ने तौसेतरू भन्ने एकतीस वटा बुद्धमूर्ति भएको जंगलमा जानु भयो।

त्यस जंगलमा विहार गर्नु भई क्रमशः भावना गर्नेहरू ६ जना पुगे (१) महाप्रज्ञा, (२) शासनज्योति (३) लंकाको मेतेय्य (४) चटगाउँ (बंगलादेश) को प्रज्ञासार (५) चैत्वे नगरको मुनिजि (६) अर्कनको पण्डित ङफ्यू आउँ। वहाँहरू ६ जना नै परमार्थ साधना



Downloaded from http://dhamma.digital

गर्नेहरू हुन् । त्यसमा आचार्य महाप्रज्ञा हुनुभयो ।

शिष्यहरू ५ जना मध्ये अग्रगामी हुने शासनज्योति भयो । दिनभरि आ-आफ्नो ठाउँमा गइ भावना गर्ने र राती हुनासाथ महाप्रज्ञाको स्थानमा आई परमार्थ ज्ञानको विषयमा छलफल गर्ने गर्दथे ।

त्यहाँ छलफल भएको जति ज्ञानका कुरा पछिको लागि उपयोग हुन सक्छ भन्ने विचारले पण्डित डफ्यू आउँले संग्रह गरी राख्नु भयो । त्यसमा पण्डितले महाप्रज्ञालाई अरहन्त भनी लेख्नु भयो । त्यो कुरा अलि बढी छ । अस्तु महाप्रज्ञा जे सुकै होस् वहाँहरूको छलफल गर्नुभएको कुरा काम लाग्ने छ भने त्यही हाम्रा लागि ठूलो हो



Downloaded from http://dhamma.digital

# परमार्थ ज्ञान दर्शन महाप्रज्ञा सारद्रम्य

## गुरु र शिष्य बीच प्रश्नोत्तर

नमस्कार वहाँ भगवान अरहन्त सम्यक सम्बुद्धलाई ।

एकदिन दिउँसोको भोजन समाप्त गरेर विहार बाहिर पोखरी नगिज रूखको छायामा शितलताका साथ ६ जना बस्नु भएको समय भिक्षु शासनज्योतिले कुरा प्रारम्भ गर्नु भयो -

**शिष्य** - भन्ते ! यस जंगल हेर्दा भयंकरै ठूलो छ तापनि कति रमणीय । अनेक प्रकारका जन्तुहरू निर्भिक भएर स्वतन्त्रले घुमीरहेका छन् । उनीहरूलाई देखेर हाम्रो चित्तमा त्राश भनेको रतिभर पनि छैन । धन जन जन्तु भन्दा पनि वन जन्तु नै प्रिय स्वरूप भएको छ । हाम्रो आसपासमा आएर आनन्दले पल्टिएर सुतिरहेको हेर्दैमा करूणा लाग्दो । रूखमाथि हेरे भने त्यहाँ पनि चित्र विचित्रको चराहरू आ-आफ्नो आवाजले कराई रहेका छन् । फेरी अनेक प्रकारका मृगहरू जोडी मिलेर घुम्दै गरेको कति सम्म मनोरञ्जन । बच्चा मृगहरू उफ्रिदै खेल्दै गरेको हेर्दा हेरी रहने इच्छा हुने । जंगली विषधर सर्पहरू हाम्रा आशनमुनि बसी रहन्छन् । पोखरीमा पानी पिउन आउने जनावरहरूले हामीलाई हेर्दै जान्छन् । बयान गरी सकिने होइन भन्ते यहाँको रमणीय कुराहरू । तपाईंको दयाले अनेक देश पनि थाहा पाइयो । अनेक प्रकारको अनुभव पनि भयो, धन्य तपाईंको करूणा !

भन्ते ! यस्ता प्रकारले मनमा नलागेको हिसाबले थावर जंगम आदि सृष्टि गरी लिला गर्दै रहेको को होला ? हो कि भन्ते ?

**गुरू** - आयुष्मान ! यो संसार कसैले पनि सृष्टि गरी लिला देखाइरहेको होइन । सबैको आ-आफ्नो कर्मको विपाक भोग गरी राखेका हुन् ।

भन्ते ! तपाईंको त्यो कुरा त लोक जनहरूको सिद्धान्त संग मेल खाँदैन । भन्ते ! लोकमा ठूलठूला विद्वानहरूले सृष्टिकर्ता र आत्मा अविनाशी छ भन्ने चर्चा गर्दछन् । यता बौद्ध ग्रन्थमा भने अनात्मा भनिएको छ । यो कसरी भन्ने ! हामीले कसलाई मान्नु ? आत्मालाई कि अनात्मालाई ?



Downloaded from http://dhamma.digital

आयुष्मान ! हामीहरू बुद्ध भगवानको शासनमा प्रव्रजित भएका छौं। तसर्थ वहाँको सिद्धान्त हामीले मान्नु पर्दछ।

भन्ते ! सिद्धान्त मान्नको लागि जानी बुझी मान्नु उत्तम हुन्छ कि नजाने पनि मान्नु ?

श्यावास आयुष्मान ! तिमीले न्याय पक्रेर कुरा गऱ्यौ ! त्यसरी नै ज्ञान खोज्नेले नडराइकन कुरा गर्न सक्नु पर्छ। ठूला गुरुहरूले भन्यो भन्दैमा नै भने जस्तै हो भनेर मान्नेहरू यथार्थ ज्ञान प्राप्त गर्न सक्दैनन्। फेरि आफ्नो विचारमा शंका निर्णय नभएता पनि चुप लागी वस्नेहरू पनि ज्ञान प्राप्त गर्न सक्दैनन्।

भन्ते ! कति कति गुरुहरू वहाँ गुरुहरूको कुरामा संशय गऱ्यो भने नास्तिक भनी रिसाएर कुरा नै नभन्नेहरू छन्। तसर्थ संशय भएता पनि चुप लागेर सुनीरहनु मात्र पर्दछ।

आयुष्मान। ज्ञानीगुरूहरू कहिले पनि रिसाउँदैनन्। दूध खुवाउने आमा र ज्ञानी गुरुहरू करूणावान् हुन्छन्। संशय निवारण गर्नको लागि नै गुरुहरूको सत्संगत गर्नुपरेको हो। गुरुहरूसंग प्रश्न गर्नु शिष्यको कर्तव्य हो। संशय निवारण हुने गरी बताउनु गुरुको कर्तव्य हो। प्रश्न नगरीकन गुरुले बताउनु हुन्न। सोधेको प्रश्नको उत्तर बुझ्ने गरी नबताई छाड्नुहुन्न। प्रश्न नगरी गुरुले भन्न निहुँ हुँदैन। कारण विना भनेमा ठीक हुँदैन। तसर्थ संशय भएको कुरा प्रकट गरेन भने संशय रूपी हृदय रोगले अशान्ति हुन सक्छ। प्रश्न गर्नुपर्छ नगरी हुँदैन।

धन्य गुरू ! तपाईं जस्तो गुरु लोकमा धेरै हुँदैनन्। गुरु लक्षण भएको तपाईं नै हो। करूणा पूर्वक अज्ञानीलाई उपदेश गर्नु होस्। अब मैले के गर्नु पर्छ भन्ते ?

आयुष्मान ! जुन सुकै सिद्धान्त पनि जानी बुझी मात्र मान्नु उत्तम हुन्छ। यदि तिमीले यथार्थ ज्ञान बुझ्ने इच्छा छ भने।

ठूलो गुरुले भनेको भनेर वा पहिले देखि भई आएको भनेर अन्धविश्वासमा नलाग। संसारलाई नै मान्दै गरेको भनी वा जान्नेहरूले विश्वास गरेको भनेर एकै साथ विश्वास गर्नु हुँदैन। यदि भन्नेले सत्य वचन उपदेश गऱ्यो भने पनि आफूले राम्ररी बुझेन भने त्यो धर्म गुणकारक हुँदैन।



Downloaded from http://dhamma.digital

भन्ते ! सुरुदेखि नै यथार्थ ज्ञान बुझ्न सकिन्छ कि ?

आयुष्मान ! सुनेर आफूले एकपल्ट विचार गरी हेर्नु पर्छ कि यो उपदेशराग द्वेष मोह घट्छ कि बढ्दछ ? राग द्वेष मोह भन्ने क्लेशले गरेर नै संसारमा दुःख पीडा, संकट, आदि नाना प्रकारका दुःख भोग गरी बस्नु परेको हो। त्यही क्लेश उत्पन्न नगर्नको लागि धर्म गर्नु परेको हो र ज्ञान खोज्नु परेको हो। उपदेश सुनेर आफूले एक पल्ट राम्ररी विचार गरी हेरेर आफ्नो विचारले एउटा निर्णय गरी हाल्छ।

भन्ते ! संसारमा धर्म गर्नेहरू सबैले नै विचार गरेर मात्र धर्म मानेको होला र ?

आयुष्मान ! अरूहरूको कुरा हामीले च्यूता लिनु आवश्यक छैन, आफ्नो मात्र च्यूता लिनु पर्दछ जस्तो लाग्छ।

भन्ते ! अरू कारणले मैले अरूहरूको कुरा सोधको होइन कि विचार गर्न सिक्नको लागि सोधेको हुँ।

जन साधारणहरूले मानि आएका कुरा या विचारले कुरा गर्दा सत्यको सत्य, असत्यको असत्य भन्ने कुरा निस्किन्छ, त्यहाँ कतिलाई आघात पुग्न सक्दछ।

भन्ते ! ज्ञान छान्नका लागि सत्य असत्य छुट्याउन पर्दछ , सत्यासत्य नछुटेसम्म सारज्ञान कसरी छान्नु भन्ते ?

अरू होइन कि आयुष्मान ! विचारवानहरूले मत विचार गरेर नै मात्र स्वीकार गर्दछन्। संसारमा सबैले नै विचार गरी स्वीकार गरे जस्तो छैन।

कतिले समाजको करकापले मानिरहेका छन्। कतिले पालनकर्ता मालिकको करले, कतिले हकवालाको करले, कतिले जातपातको करले, कतिले छाड्नु नहुने करले, कतिले लोकले भन्छ भन्ने करले, कतिले मनको रहरले मानि आएका छन्। त्यति मध्ये कसैकसैले स्वर्ग सुखको आशाले र ब्रह्मलोकको निम्ति धर्म गर्नेहरू पनि हुन सक्छ। त्यसैले यथार्थ जस्तो आवागमन रहितको निर्वाण प्राप्त गर्नेहरू एक दुई जना मात्र हुन सक्छ।

किन भन्ते ? त्यो धर्म यथार्थको नभएर कि ?



Downloaded from http://dhamma.digital

धर्म यथार्थ नभएर होइन आयुष्मान ! धर्मको मर्म नवुझेर । जसरी सुनको गुण नजान्ने बच्चाले बाटोमा सुन भेटाएमा त्यस बच्चालाई त्यति आनन्द हुँदैन , जति सुनको गुण थाहा पाउनेलाई हुन्छ ।

अव बुझें भन्ते ! धर्मको मर्म वुझ्नु नै पर्ने रहेछ । धन्य तपाईंको अमृत वचन ।

आयुष्मान् ! अव तिमीले राम्ररी मन दिएर सुन तिमीलाई म आत्मा वारे कुरा बताउँछु -

## श्लोक

जनताले आत्मा भनेको तर पाउनु गाह्रो अतिनै ।
आफूले खोजी गरेमा भएको नभएको को ज्ञानले वुझ्ने ॥
आगो हावा माटो पानी सबै शरीरमा भएको जनको ।
एउटा बाँकी चेतन मृग जाल समान भाव मात्र नै ॥
हेर्दा आत्मा खोज्दा छैन यहाँ कुनै पनि आत्मा भन्ने ।
नभई कसरी भनुं भए जस्तै यहाँ सवै देखिएका के त्यो ॥
त्यो पनि कसरी भनुं कसरी भनुं भएको त्यहाँ छैन रूप अलि पनि ।
मनले छाडी दिउँ नभएको कहाँको आत्मा स्वप्नलाई ॥

आयुष्मान ! आत्मा मानी हिंड्नेले केलाई मानी राख्यो थाहा छैन । यता भगवान वुद्धले अनात्मा भन्नु भएको अरू नै कारण छ । त्यो के भने पाली भाषाले अत्ता भन्दछ । त्यसलाई संस्कृतमा आत्मा भन्दछ । आत्माको अर्थ नेपाली भाषामा म अर्थात अहं भाव भन्ने हुन्छ । अहंभाव .=आत्मा भनेको प्रज्ञा ज्ञानले यथार्थले शरीरमा खोजी हेरेमा छँदै छैन । तसर्थ सम्यक सम्वुद्धले अनात्मा भन्नु भएको हो ।

तिमीलाई म एउटा उपमा दिन्छु सुन । जसरी मानिसहरूले वास गरी राखेको स्थानलाई गृह भन्दछन् वा घर भन्दछन । त्यस गृह भनेको नाम केवल लोकजनहरूको व्यवहार शब्द मात्र हो । किनभने यथार्थमा त्यसमा घर भन्ने चीज केही पनि छैन । झ्याल ढोका, खापा, भऱ्याङ्ग, खम्वा, विम, भित्ता पिंढी तल्लोकोठा, माथिल्लोकोठा, वैठक इत्यादि सबैको नाम फरक फरक छँदैछ । त्यसैले घर भनेको पदार्थ केही पनि छैन । शरीरमा



Downloaded from http://dhamma.digital

पनि मूल रूपमा दुइटा छन् । नाम र रूप अर्थात् जड र चेतन । नाम भनेको चेतन वेदना संज्ञा संस्कार र विज्ञान भनी चार प्रकारका छन् । ती सब अरुप हुन् । रूप स्कन्धमा पनि पृथ्वी आपो (जल) तेजो (अग्नि) वायो (वायु) चार प्रकारका छन् । यसलाई नै रूपस्कन्ध पनि भनिन्छ । यिनै चार धातुलाई चतुर्महाभूत भनी भनिन्छ । यसै नाम र रूप सिवाय त्यहाँ वढी अरू आत्मा भन्ने अर्को अलग केही पनि छैन ।

भन्ते ! यदि म भन्ने आत्मा केही पनि छैन भने अहं भाव कहाँबाट आयो त ?

आयुष्मान ! लोकजनहरूको जहाँ सम्म नाम रूपको तत्वज्ञान यथार्थ बोध हुँदैन त्यहाँसम्म अज्ञानताको कारणले अहंताको भ्रम उत्पन्न भई रहन्छ । आयुष्मान तिमीलाई एउटा कुरा सोध्छु कि संसारमा जंगल भनेको कसरी भएर आयो ?

भन्ते ! जुन स्थानलाई कसैले पनि वास्ता गर्दैन त्यो स्थान जंगल हुन्छ ।

त्यही जंगल कुनै समयमा रमणीय उद्यान भयो भने त्यसको कारण के हुन्छ ?

भन्ते ! त्यो जंगललाई यदि कसैले रमणीय बनाउने विचारले कोशिस र परिश्रम गऱ्यो भने त्यो जंगल पनि रमणीय उद्यान हुन सक्छ ।

आयुष्मान ! त्यसरी नै संसारमा जन्म भएको व्यक्तिलाई कसैले पनि वास्ता नगरी गएको गएकै बसेको बसेकै गरी वास्ता आदि नलिएमा त्यसै राखेमा आहार, निन्द्रा, भय, मैथुनको वशीभूत भएर दुःख सुखको भुमरीमा परेर, संसार यसो त्यसो हो भनी भन्न नसकेर, अथाह दुःखको भुमरीमा पर्न जान्छ । त्यो सीमा नभएको जंगल हो ।

अर्को यदि व्यक्तिलाई अशल संगत प्राप्त भएर ज्ञानले बुझेर, आ-आफैंले सप्रिने विचार गरी, ज्ञान बुद्धि प्राप्त गरी, यत्न युक्ति गरी लगेमा त्यो व्यक्तिको जीवन सुन्दर रमणीय हुन जान्छ । यो हो पुरुष विनाको उद्यान ।

आयुष्मान ! फेरि माथिको जंगललाई एक पल्ट नि सम्झ । त्यस जंगलमा यदि रात्रिको अवस्थामा अँध्यारो हुँदा त्यहाँ बसी रहेको एउटा मूर्खलाई के हुन्छ ?

डरलाग्दो हुन्छ भन्ते ?

डराउनेको मनले के देख्छ ?

भूत देख्छ भन्ते ।

भूत देख्नेलाई के हुन्छ ?



Downloaded from http://dhamma.digital

भन्ते ! भूत देखेर डराएकोले सातो जान्छ विरामी हुन्छ , त्यतिमात्र होइन भन्ते ! प्राणान्तसम्म पनि हुन्छ ।

आयुष्मान ! के त्यहाँ साँच्चै कै भूत छ र ?

नभए डराउला र ? भन्ते ?

यदि त्यहाँ कतैबाट मैन्टोल बत्ती एउटा ल्यायो भने त्यस उज्यालोमा भूत होला कि ?

हुँदैन भन्ते !

त्यहाँ त्यो भूत नदेखेको मनको भ्रममात्र होइन र ?

हो भन्ते !

त्यसरी नै आयुष्मान ! अज्ञानले अन्धकार भएर भ्रमले भूत देखे झैं अहंता छ भन्ने भ्रम भैरहेको हो । त्यहाँ त्यो बत्तीको उज्यालो हुनासाथ भूत हराए झैं गुरुहरूको दयाले प्रज्ञा ज्ञान प्राप्त भयो भने प्रज्ञाको ज्योतिले नामरूपको तत्व बुझेर आउँछ । तत्वबोध हुनासाथ अहं भन्ने आत्मा पनि हराएर जान्छ । यदि आत्मा भन्ने साँच्चैकै भएको भए जे सुकै गरे पनि हराएर जाँदैन भइनै रहन्छ । पूर्वकृत कर्म फल भोग गर्नु परेकोले जन्म भयो । जन्म भएको नाम रूपलाई ऋतु आहारले सहायता गरी चालु भईरहेको जीवनमा स्वभावले भई रहेकोलाई मैले गरेको, मलाई भइरहेछ, म भोग गर्दैछु भनी अधिकारी बन्दछ । म भन्ने घमण्ड शरीरको राजा भएर स्वार्थले पगरी लगाएर तृष्णा देवीलाई महारानी गरी इच्छालाई राजकुमार भनी सेनापति बनाई राग द्वेष मोहलाई मन्त्री बनाई काम क्रोध लोभ मोह मान र कपटको नियम बनाएर अनन्त घुमीरहने संसारको कर्ता भएर माया, ममता, सुख, दुःख, पाप, धर्म, नर्क, स्वर्ग इत्यादि भोग गराई राख्यो ।

भन्ते ! मलाई यो के भएको ? उपदेश सुनी रहँदा सम्म शरीरमा आत्मा भन्ने छैन जस्तो हुन्छ । पछि फेरि भएर नै आउँछ यो कसरी ? भन्ते ।

त्यही त भनेको आयुष्मान् ! मैले तिमीलाई जतिसुकै उत्तम परमार्थ ज्ञानको कुरा सुनाएता पनि जहाँसम्म तिमीले यथार्थ हुने गरी बुझ्न सक्दैनौ त्यहाँ सम्म तिमीलाई उपदेश गुणकारक हुन सक्दैन । अब सुन तिमीलाई म अर्कै तरिकाले केलाएर बताउँछु ।



Downloaded from http://dhamma.digital

जसरी लोकजनहरूले मेरो शरीर भनी विश्वास गरी बस्छ। त्यो शरीर आफ्नो भन्नुलाई के कुनै आफूले भने जस्तो छ।

किन भन्ते ! आफ्नो शरीर के आफूले भने जस्तो छैन र ?

आयुष्मान ! यदि अफ्नो शरीर आफूले भने जस्तो अधिनमा भएको भए आफूलाई मन नपर्ने वृद्धावस्था किन भयो ? मन नपरीकन रोग किनभयो ? फेरि मृत्यु किन भयो ? त्यतिमात्र हैन त्यो शरीरमा आश्वास प्रश्वास चली रहेको के तिमीले गरेर, हो र ?

किन भन्ते ! आफैंले श्वास फेरिरहेको हैन र ?
यदि आफैंले श्वास फेरेको हो भने कहिले कहिले विर्सदा श्वास बन्द हुन्छ र ?
मैले विर्सदा पनि श्वास वन्द हुँदैन, चली नै रहन्छ भन्ते !
तव तिमीले गरेको कि आफैं चली रहेको भयो त ?
हो भन्ते ! आफैं आफ चली रहेको हो।

त्यति मात्र हैन आयुष्मान। शरीरको नाडी चली रहेको पनि आफैं नै चली रहेको हो। टाउकोको केश सेतो हुनु, दाँत झर्नु, दन्तरोग हुनु, आँखा धमलिनु, आँखा नदेख्नु, कान नसुन्नु, कुप्रो पर्नु, छाला चाउरिएर जानु हात खुट्टा कमजोर हुनु इत्यादि आफूलाई मन नपरी भएर आउने शरीरलाई कसरी आफ्नो भन्ने ? न रूप, न वेदना, न संज्ञा न संस्कार न विज्ञान कुनै पनि आफ्नो भन्ने योग्य छैन। तसर्थ भगवान बुद्धले अनात्मा भनी भन्नु भएको हो। रूप भनेको शरीर चतुर्महाभूत हो। नाम भनेको चेतन मात्र हो। यहाँ आत्मा भनेको केही पनि छैन।

**श्लोक**

पीज समान यहाँ काय छैन सार केही पनि।
चेतन भन्ने थाहा पाउने सुख दुःख आदि॥

**अर्थ-**

प्राणीहरूको शरीर फीज समान मात्र हो। चतुर्महाभूत भएता पनि अन्तमा सबै कुहिएर पानी भएर जाने र धूलो भएर हराएर जाने हो। त्यसमा सार पदार्थ केही पनि बाँकी रहँदैन। चेतन ... नामस्कन्ध पनि ... शरीरमा स्पर्श भएकोलाई जतिलाई थाहा पाउने मात्र हो। त्यसमा पनि सार भनेको केही पनि छैन।



Downloaded from http://dhamma.digital

तिमीलाई नै सोध्दछु कि संसारमा राम्रो, नराम्रो रंगी चंगी चित्र विचित्रलाई थाहा पाएको कसरी ?

देखेर थाहा पाएको हो भन्ते !

कसले देखेको ?

मैले देखेको भन्ते ।

यदि आँखा छैन भने तिमीले देख्छौ कि ?

आँखा मेरो नै हो नी भन्ते ।

तिम्रो आँखा भन्नुलाई त्यो आँखा आफ्नो अधिनमा छ र ?

किन भन्ते ? आफ्नो आँखा आफ्नो अधिनमा छैन र ?

आँखाले आफूलाई मन नपरेको रूप किन देख्यो ? त्यसो हो भने, आफ्नो भनेको आँखाले आफूलाई मन नपराएको रूप किन देख्यो ?

भएको आँखाले किन देख्दैन र ?

मन नपरेको रूप हेर्न मनपर्छ तिमीलाई ?

मन नपरेको रूप कसलाई हेर्न मन पर्छ र भन्ते !

आफ्नो आँखा भएपछि आफूले भने जस्तो हुनु पर्ने हैन र ? (शासन ज्योति चुप्प भयो) मन नपर्ने रूप देखिनु, मन नपरी आँखा नदेख्नु, इत्यादि मन नपरी नपरी हुनुलाई के आफ्नो भन्नु योग्य छ र ?

हुँदैन भन्ते ! तर चक्षु आदि इन्द्रिय भनेको यो शरीर रूपी घरको झ्याल जस्तै भएकोले भित्र बसेको आत्माले झ्यालबाट बाहिरको रूप देखेको हैन र भन्ते ?

आयुष्मान ! त्यसो हो भने त्यो चक्षु तत्वको झ्याल प्वाललाई छेलि राखेको आँखा गेडीलाई निकाली पठाउ, त्यस प्वाल बाट झन् राम्ररी देखिन्छ देखिंदैन र ? (शासन ज्योति बोल्ने ठाउँ भएन) आयुष्मान ! विचार गर्नुयोग्य कुरा यो पनि हो कि आँखा पनि छ रूप पनि छ तर नदेखिने अवस्था पनि छ । त्यो कस्तो अवस्था होला ?

भन्ते ! अँध्यारो अवस्थामा पनि देखिंदैन ।

आयुष्मान ! त्यसो हो भने त्यो रूपलाई के ले देखेको भन्नुपर्ला ? आत्माले देखेको कि आँखाले देखेको कि उज्यालोले देखेको ?

भन्ते ! सबै मिलेर देखेको हो !



Downloaded from http://dhamma.digital

श्यावास। आयुष्मान ! अहिले तिमीले बुझ्यौ। कति प्रकार मिलेर मात्र अनुभव ज्ञाता उत्पन्न हुन्छ। त्यही तत्व मिलेको हेतुले मात्र ज्ञाता[1] उत्पन्न हुने हो चक्षुले रूप देख्नका लागि आलोक चाहिन्छ भने जस्तै शब्द सुन्नको लागि पनि आकाश चाहिन्छ, त्यसरी नै घ्राणले सुँघ्नको लागि वायु चाहिन्छ , जिवोले रस लिन जल चाहिन्छ शरीरले स्पर्श गर्न पृथ्वी धातु चाहिन्छ तथा मनले धर्म (विचार) स्पर्श गर्न जीवित इन्द्रिय र विषयको हेतु चाहिन्छ। त्यसैमा पनि त्रिकालको अवस्था चाहिन्छ। अध्यात्म र बाह्य आधारले मात्र ज्ञाता उत्पन्न हुने हुनाले आत्माको हेतु अध्यात्म र बाह्य भयो होइन र ?

हो भन्ते।

त्यसरी नै कुन कुन हेतुले के के उत्पन्न भयो, माथि बताए झैं ६ इन्द्रिय, ६ विषय ६ विज्ञान र ६ वटा आधार गरी जम्मा २४ वटा तत्वलाई एउटा एउटालाई अलग अलग विचार गरी भावना गर्नु पर्दछ। त्यहाँ थाहा भएर आउँछ कि आत्मा छ कि छैन। प्रज्ञा आँखाले देखिन आउँछ।

भन्ते ! तपाईंले २४ वटा तत्वको कुरा बताउनु भएको मनो धातुको कुरा एउटा राम्ररी बुझेको छैन।

आयुष्मान ! मनो धातुलाई छुट्याएर हेर्न जानियो भने सजिलै बुझिन्छ। कसरी भने मनोधातु भन्ने पञ्चेन्द्रियको कोपाध्यक्ष हो जसरी पञ्चेन्द्रिय द्वारा स्पर्श भएर अनुभव भएजति विषयको निमित्तलाई पक्रीराख्ने धातु हो। बिति सकेर गएता पनि वर्तमानमा भएको स्पर्श गरेको हेतुले पहिला भैसकेको कुरा सम्झना भएर आउँछ। अध्यात्म र बाह्य आयतनको स्पर्शनै मूल तत्व हो। अहिले भएको विषय बितेर जाना साथ अतीत अनागत (भविष्य) प्रत्युपन्न (वर्तमान) यी तीन अवस्थालाई त्रिकाल भनिन्छ। मनो धातुको स्वभाव यही त्रिकाल कल्पना मात्र हो सिवाय अरू ज्ञान मनको अधिकार होइन।

भन्ते ! ज्ञान भनेको पनि मनले नै विचार गर्ने होइन र ?

---

१. ज्ञाता आत्माको पर्यायवाची शब्द म भए जस्तै ज्ञाता प्राणी आदि शब्दहरू व्यवहारमा बोलिने शब्दहरू हुन्। यथार्थमा कर्ता अर्थात् आत्मा, म ज्ञाता, प्राणी आदि छैनन्-प्राणपुत्र।



Downloaded from http://dhamma.digital

आयुष्मान ! मनले नै विचार गर्ने हो मनो धातुको स्वभाव धर्मको कुरा मैले बताउँदै गरेको हुँ । ज्ञान भनेको सत्संगत र विचार द्वारा मात्र प्राप्त हुने हो, स्वयं स्वभावले उत्पन्न हुँदैन । ज्ञान पनि अध्यात्म र बाह्य आयतन भन्ने हेतुले नै मात्र वैराग उत्पन्न हुने हो । बैराग हुने उपायलाई ज्ञान भन्दछ, मन भनिदैन । विपयले अलग भएको परमार्थ ज्ञानलाई प्रज्ञा भनिन्छ । त्यसलाई पनि मन भनिदैन । यो कुरा अर्कै जोडिएर आयो माथिको कुरा छाडियो । पूर्व जन्मको कर्म भनेको पनि मूलहेतु त्यही त्रिकाल कलाना हो । अहिलेको त्रिकाल कल्पनाले गरेर नै उत्पन्न हुने हो । बाह्र महिना लगातार अखण्ड घुमीरहेझैं शुक्लपक्ष र कृष्ण पक्ष पनि घुमी रहेको छ । त्यसरी नै सप्ताहको वार पनि अखण्ड अनन्त भएर घुमिरहेको छ । त्यसरी नै हाम्रो संसार पनि पूर्व जन्मको अहिले जन्मभयो, अहिले पनि त्यही त्रिकाल कल्पनाले गर्दा अनागतको इच्छा नै हेतु भएर कुशल अकुशलको विपाक भोगार्थ पुनर्जन्म हुन्छ । त्यहाँ पनि त्यसरी नै त्रिकाल कल्पना भएर पुनः जन्म मरणको चक्र अखण्ड अनन्त घुमी रहन्छ ।मुमुक्षहरूले यही त्रिकाल चक्रलाई यथार्थ जानेर वर्तमान इन्द्रिय र विपयको स्पर्शमा क्लेश उत्पन्न नहुने गरी अखण्ड जाग्रतपूर्वक उपेक्षा गरी जित्दछ । अनागतको इच्छालाई दुःखको कारण भनी थाहा पाएर त्याग गर्दछ ।

भन्ते ! त्यसमा त्यो त्रिकाल चक्रलाई घुमाउने एक जना हुनु पर्ने हो, होइन भने कसरी घुम्छ ?

आयुष्मान ! एकपल्ट तिमीले राम्ररी विचार गरी हेर ! चक्षु र रूपको संयोगले उत्पन्न भएको विज्ञानले रूपको अनुभव भएपछि मात्र सुख वेदना दुःख वेदना असुख अदुःख वेदना अनुभव हुने हो । त्यो अनुभवी अर्थात वेदना स्कन्ध पनि स्वयम्भू होइन चक्षु र रूपको हेतुले उत्पन्न भएको हेतु प्रत्यय भनिन्छ । त्यस्ता हेतु प्रत्ययको अनुभवीलाई के आत्मा भन्न योग्य होला ? उत्पन्न भए जति केही पनि नित्य भई बस्दैन, नाशवान छ । उत्पन्न हुँदै नाश भएर जाँदै गर्ने परिवर्तनशील हो, आत्मा होइन ।

मनो धातुको कुरा बोध गर्नको लागि यो कुरा आइरहेको हो । अहिले बुझ्यौ कि ? यति कुरा यदि पूर्व पारमिता भएको हो भने यही त्रिकाल चक्र को कुरानै प्रशस्त । नपुगेको व्यक्तिले अरू प्रयत्न गर । अठार लक्षणले युक्त हुनासाथ निर्वाणको रस बुझेर आउँछ । दुर्लभ भएको मनुष्य जन्म त प्राप्त भई नै सक्यो, अब बाँकी भएको छ प्रयत्न गर्नु । विचारवान भएर, सार असार बुझेर त्याग भाव हुनु पर्छ ।



Downloaded from http://dhamma.digital

फेरि पनि बाँकी छ आयुष्मान ! इन्द्रियको कुरा सकिएको छैन । छ इन्द्रियहरूलाई दुई भागगरी हेर त चक्षु, स्रोत, घ्राण, जिव्हा यी चारलाई ज्ञानेन्द्रिय भन्दछ । काय, वाक, चित्तलाई कर्मेन्द्रिय [1] भन्दछ । कायलाई पनी तिन विभाग गरी हेर हस्त पाद, गुप्तेन्द्रिय भनी तीन प्रकार । ज्ञानेन्द्रिय भनेको बोधक भएकोले हो । काय वाक र चित्त कर्म कर्ता भएकोले कर्मेन्द्रिय भनिन्छ । तसर्थ त्रिकायद्वारा भएको कृयाहरू यदि रागादि क्लेशले युक्त भएमा मात्र कुशल अकुशल कर्म बन्न जान्छ । यदि क्लेश रहितको कृया भयो भने विपाक हुँदैन ।

भन्ते । यदि ज्ञानेन्द्रियको अवस्थामा क्लेश सहित भयो भने विपाक हुन्छ कि हुँदैन ?

आयुष्मान । जहाँ क्लेश युक्त हुन्छ त्यहाँ विपाक अवश्य हुन्छ ।

यस कुरालाई छाडिदिउँ । हाम्रो कुराको सिलसिला यही हो कि न ज्ञानेन्द्रिय नै आत्मा हो न कर्मेन्द्रिय नै आत्मा हो । किनभने ज्ञानेन्द्रिय पनि मन नपरी नपरी हुन्छ । तसर्थ म मेरो भन्नु योग्य छैन । कर्मेन्द्रिय मात्र आफ्नो अधिनमा भए जस्तो देखिन्छ । काय वाक चित्त हस्त पाद गुप्तेन्द्रिय इत्यादिलाई कोशिश गरे भने आफ्नो अधिनमा राख्न सकिन्छ तापनि त्यो आत्मा हैन । किनभने कर्मको पनि हेतु छन् । त्यसको हेतु हो- तृष्णा । तृष्णा नै कर्म विपाक को कारण हो । साधकहरूले तृष्णालाई पनि ज्ञानद्वारा निरोध गर्न सकिन्छ । निरोध गरेमा गर्न सकिने तृष्णालाई आत्मा भन्न योग्य छ र ?

- भन्ते । अझै पनि मेरो चित्त बुझेको छैन । किनभने यो तृष्णाको पनि कारण हुन सक्छ । कारणको पनि कारण हुन सक्छ - मूल कारण त एउटा हुन्छ नै । त्यही मूल कारण जुन छ त्यही कारणलाई आत्मा भनेको होला । त्यस्तो मूल कारण एउटा नभएमा त्यति ठूलो अपार आदि अन्त नभएको संसारमा यस्तो लिला कसरी चलिरहेछ होला भन्ने शंका भै रहेको छ ।

आयुष्मान । तिक्ष्णप्रज्ञा नभए सम्म शंका निर्मूल हुँदैन । यस्तो बुझेर बुझ्न गाह्रो महा सूक्ष्म ज्ञान बुझ्नको लागि नै भगवानले आज्ञा गर्नु भएको हो कि त्रिकाय नै परिशुद्ध हुनु पर्छ । काय वाक चित्त शुद्ध नभए सम्म चित्तमा व्यवहार या झमेला भएसम्म

---

१. बुद्ध शिक्षामा ज्ञानेन्द्रिय कर्मेन्द्रिय भन्ने छैन । सबैलाई इन्द्रिय भनिन्छ । यो हिन्दू शिक्षाको भाषा हो - प्राण पुञ्ज ।



Downloaded from http://dhamma.digital

अलमलीएर बन्दछ। तसर्थ अपरिशुद्ध चित्तले निर्णय गर्न नसकेसम्म लीला देखाउने परमेश्वरको सत्ता आत्मा एक जना छ भन्ने विश्वास भैरहन्छ। खोजी हेरेमा भेट्न नसकेंपनि अन्दाजले परमात्मा एक जना छ भनी विश्वास गरी बस्दछ। आयुष्मान। अलिक राम्ररी विचार गरी सुन म भन्दछु -

हाम्रो शरीरमा पृथ्वी २० वटा आपो १२ वटा, तेजो ४ वटा वायो ६ वटा गरी ४२ वटा तत्व जम्मा भएर, मेशिनको पूर्जा मिले जस्तै भएर कर्म चित्त ऋतु, आहार को आधारले जीवन चालु भई रहेको हो।

पूर्व जन्मको संस्कारलाई कर्म भनिन्छ। चेतन या हेतु भई रहेकोलाई चित्त भनिन्छ। गर्मी, ठण्डीद्वारा रक्षा भइरहेकोलाई ऋतु भनिन्छ। आयुको आधार भइ रहेकोलाई आहार भनिन्छ। उक्त अनुसार कर्म चित्त ऋतु आहार यी चार वटाहरूरू मध्ये एउटा मात्र पनि भएन भने प्राणीहरू बाँच्न सक्दैनन। जीवित भएसम्म इन्द्रिय .द्वारा स्पर्श अनुभव हुने शक्ति पनि भैरहन्छ। जीवन अन्त हुनासाथ त्यस शक्ति पनि त्यसरी नै विनाश भएर जान्छ। त्यस प्रकारले हेतुले उत्पन्न चेतन शक्तिलाई परिवर्तनशील क्षण भंगुर ज्ञातालाई के आत्मा भन्न योग्य छ ?

प्रतीत्य समुत्पाद [1]

अनुलोम [2]

अविद्या भएर संस्कार भयो संस्कार भएर विज्ञान, विज्ञानले नामरूप, नाम रूपको साथै ६ अध्यात्म आयतन, आध्यात्म आयतन भएर नै स्पर्श हुने हो। स्पर्श भएपछि अनुभव=वेदना उत्पन्न हुन्छ। बेदनाले गर्दा नै तृष्णा हुने हो। तृष्णाको मुहान नै उपादान भन्छ। उपादानको कारणले भव भई रहन्छ। जहाँ भव त्यहाँ जन्म हुन्छ। जन्म भए पछि जरा मरण र नाना प्रकारका दुःख नै मात्र भईरहन्छ।

प्रतिलोम [3]

नाना प्रकारका दुःख भइरहेको नै जरा मरण अर्थात अनित्य भएकोले हो। अनित्य जरा मरण हुनु परेको नै जन्म भएकोले हो। जन्म भएको पनि भव भएर मात्र हो। भवको

१. कार्यकारण ज्ञान २. सिधा क्रम ३. उल्टा क्रम



Downloaded from http://dhamma.digital

हेतु उपादान हो। उपादानको भएको नै तृष्णा भएर, तृष्णा उत्पन्न भएको अनुभव भएर हो। अनुभवको जन्मस्थान स्पर्श हो। स्पर्श भएको पनि अध्यात्म आयतन अर्थात चक्षु आदि ६ इन्द्रियद्वारा भएर नै हो। आयतन को बासस्थान नामरूप हो। नामरूपको मूलकारण पनि गर्भवास बस्ने विज्ञान तत्व हो। गर्भमा बस्ने कारण पनि संस्कार भएकोले हो। संस्कार बनेको के ले भन्दा अविद्या अन्धकार भएर हो। अविद्याको स्थान हो जन्म भइरहेको।

संसारमा जे पनि एउटा भए पछि मात्र अर्को भएर आउँछ। हेतु विना केही पनि हुँदैन। तसर्थ चित्त तत्व भएर नै स्पर्श अनुभव हुने शक्ति भएर आएको हो। जीवन भएर नै चित्त भएको हो। जन्म भएकोले जीवन भएको हो। पूर्व जन्म या संस्कारलाई विपाक भोगार्थ जन्म भएको हो। यस्ता प्रकारले प्रतीत्य समुत्पाद ( एउटा भएर अर्को उत्पन्न) भई रहेको हो। तसर्थ चेतनको शक्तिले पनि प्रतीत समुत्पाद नै हो। सिवाय आत्मा हैन।

भन्ते ! जुन चेतनशील द्वारा संसारको महिमा अपरम्पार भई रहेको छ, त्यस्तो शक्ति के मामुली होला ?

आयुष्मान ! तिमी अझै पनि स्वप्न भूवनमा नै छौ। व्यूँझेको छैनौ ! तिमीलाई उपमा दिएर एक पल्ट भन्छु राम्ररी सुन-

कसरी विजुली घरमा जेनेटर चलिरहन्छ, त्यो जेनेटर चल्नको लागि पानीको घार चाहिन्छ, कित तेलको शक्ति चाहिन्छ। दुईटामा एउटा विना मेशिन चल्दैन। त्यो मेशिन चलेता पनि त्यसमा डाइनामो भएन भने त्यसवाट विजुली उत्पन्न हुँदैन। डाइनामो नै भएता पनि त्यसमा कार्बन भएन भने त्यसै पनि विद्युत प्रकाश हुँदैन। त्यसमा पनि नेगेटिभ पोजेटिभ भन्ने भाले पोथि तार भएन भने कनेक्सन पास हुने बाटो हुँदैन। तार नै भयो भने पनि यदि होल्डर र वल्व भएन भने आलोक प्रादुर्भाव हुन सक्दैन। वत्ती मात्र हैन, त्यो विद्युतको शक्तिले पंखा पनि चल्दछ, धान कुट्ने पिढो पिस्ने, तेल पेल्ने, छापाखानाको मेशिन चलाउने काष्ट फर्निचरका कारखाना चलाउने, अनेक प्रकारका कामहरू सहाय भइरहेका छन्। त्यस्ता शक्ति भएको त्यो जेनेरेटरमा त्यां शक्ति कहाँ वसी रहन्छ होला ? त्यो जेनेरेटरमा एक पल्ट हामीले हेर्ने कोशिस गरौं।



Downloaded from http://dhamma.digital

त्यो शक्ति डाइनामोमा होइन र ?

आयुष्मान ! यदि डाइनामोमा हो भने त्यसमा रगडिने कार्वन निकाली देऊ, डाइनामोमा शक्ति हुन्छ कि हुँदैन ?

कारबन निकाले भने कहाँ शक्ति हुन्छ ?

त के त्यो शक्ति कारबन हो ?

छुट्याई दियो भने कारबनमा पनि हुँदैन भन्ते।

अब भनत त्यो विद्यूतको शक्ति जेनेरेटरमा कुन ठाउँमा बसीरहेको छ होला ? त्यो जेनेटर नचलाई पाटपूर्जा सबै खोलेर एक एक वटा पूर्जामा खोजी हेरेमा पूर्जा वाहेक अरू केही होला कि ?

हुँदैन भन्ते !

किन हुँदैन ? त्यसरी ज्वाज्वल्य हुनेगरी प्रकाश उत्पन्न हुने अनेक प्रकारका मेशिन चल्ने त्यसमा पनि दिव्य शक्ति छ कि ?

भन्ते ! त्यसमा दिव्य शक्ति छैन ! त्यसमा त सबै सामान जोडेर त्यो आधार बनाई दिएकोले मात्र चलेको हो। त्यो चलेकोले विद्युत उत्पन्न भयो।

श्यावास ! आयुष्मान। अहिले भने बुझ्ने भयो। प्राणीहरूको शरीरमा पनि त्यसरी नै कर्म, चित्त, ऋतु आहारको आधारले चलिरहेको जीवनमा इन्द्रिय द्वारा स्पर्श भए जति विषयको ज्ञातासंग दिव्य शक्ति जस्तो शक्ति भएको हो। यथार्थतः कुनै एउटा देवताले कर्ता या अधिर लिएको होइन। यो त हेतु प्रत्यय तत्व मात्र हो।

फेरि अर्को एउटा उपमा सुन -

जस्तै - निलोतुथो ...ताम्बा, र जस्ता यी चार धातुलाई नियमानुसार मिलाई राखी दियो भने त्यसबाट पनि विद्युतको शक्ति उत्पन्न भएर आउँछ। यदि यथा योग्यको धातु जोड्दामा नै दिव्य शक्ति भएर आउने हो भने त्यो धातु नै देवता भन्नु पर्छ।

फेरि एउटा उपमा -

कुनै एउटा व्यक्ति पानी पोखरीको पानीमा ढुङ्गा वा ईंटाको टुक्रा खसाल्दा त्यसको



Downloaded from http://dhamma.digital

कारणले पानीमा चक्का चक्का परेको तरंग पत्र पत्र भएर एकपछि अर्को धमाधम उत्पन्न भएर आउँछ। त्यहाँ त्यो ईंटा झारेकोले चम्का चक्का परेको तरंग बनाउने कुनै देवता छ कि स्वभावले नै भएर आएको हो ?

स्वभाववैले भएर आएको हो भन्ते ! त्यहाँ कुनै देवताले गरेको होइन।

त्यसरी नै -आयुष्मान् ! पञ्चस्कन्ध [1] शरीरमा इन्द्रिय भएकोले विषय स्पर्श हुनासाथ ज्ञाता उत्पन्न भएर अनुभव हुने हो। यदि कुनै इन्द्रियको प्रसाद धातु (इन्द्रियद्वारा) विग्रियो भने इन्द्रियद्वारा ज्ञाता उत्पन्न हुँदैन, अनुभव पनि हुँदैन। यदि ज्ञाता भन्ने दिव्य शक्ति हो भने इन्द्रियको प्रसाद विग्रंदा पनि ज्ञाताले अनुभव गर्दै वस्नु पर्ने हो।

भन्ते ! मेरो विचारमा अझै पनि शंका निर्णय भएको छैन। किन भने मेरो विचार मा यसरी विचार उत्पन्न हुन्छ कि जसरी जपमालाको गेडा एकसय आठ भएता पनि त्यो एकसय आठ गेडाको आधार धागो छ। त्यसरी नै सबै अनुभवको अनुभवी एउटा मूल हुनु पर्छ।

आयुष्मान् ! संशय भएको कुरा प्रश्न गर्नलाई लाज मान्नु पर्दैन। संशयलाई निर्मूल गर्नको लागि नै छलफल गर्नु परेको। तर पहिले जस्तो संशय धेरै हुँदैन। छलफल भई सकेको जति त समाधान भयो नै होला। त्यसरी नै संशय भएसम्म प्रश्न गर्दै लैजाऊ, एक दिन अशेष निर्मूल भएर जान्छ। जसरी जंगलमा जंगल फाँड्दै जाने व्यक्तिले अगाडि रोकेको झारलाई फाँड्दै लगेर बाटो बनाउँछ, फेरि भित्र अर्को झारले रोक्दछ। त्यसलाई पनि फाड्दछ , फेरि अर्को झारले रोक्दछ, त्यसलाई पनि फाडदछ। एवं प्रकारले देखिए जति अर्थात् अगाडि रोके जति झारपात फाड्दै जाँदा अगाडि रोकी राख्ने केही छैन, फाड्ने केही रहेन भने जंगल फाड्ने काम समाप्त हुन्छ। त्यसरी नै आयुष्मान् ! बुद्धिले अर्थात ज्ञानले निर्णय गर्न नसकेकोले संशय हुन्छ, त्यसलाई छलफलले काट्दछ। फेरि भित्र अर्को बुझ्न गाह्रो संशय उत्पन्न भएर आउँछ। त्यो पनि छलफल द्वारा निःसंशय भएर जान्छ। एवं प्रकारले संशय भए जति छलफल गर्दै काट्दै लगेर शंसय बाँकी केही पनि

१. बुद्ध दर्शनमा शरीरलाई पञ्चस्कन्ध भनिन्छ यथा (१) रूप (चारमहाभूत आदि) २.नाम (मन)- (क) वेदना -सुःख दुःख आदि अनुभव (ख) सञ्ञा-विषयलाई चिन्ने स्वभाव (ग) संस्कार- नयाँ कर्म बनाउने चिन्तन स्वभाव (घ) विञ्ञाण-इन्द्रिय विषयहरू (आरम्मण) थाहा पाउने चेतन स्वभाव- प्राणपुत्र।



Downloaded from http://dhamma.digital

नरहँदा ज्ञान खुल्ने हुन्छ।

तिमीमा पनि त्यसरी नै छलफल गर्दै लगेर फेरि भिन्न अर्को संशय भएर आएको यही हो कि १०८ गेडाको आधार भएको धागो भए जस्तै अनुभव गर्ने मालामा दिव्य शक्ति एउटा अर्थात आत्मा एउटा अवश्य हुनुपर्छ। यही होइन तिम्रो प्रश्न ?

हो भन्ते।

आयुष्मान। यो यस्तो हो कि =हृदय भनेको चेतन उत्पन्न हुने एउटा तत्व मात्र हो। त्यसमा ऋतु र आहारको आधारले जीवन चालु भएर, इन्द्रियले स्पर्श भए जति एक एक गरी लगातार नरोकिन चेतन उत्पन्न भइरहेको एउटै धार भएर चली रहेकोले एउटै जस्तो लागेको हो। जसरी चुम्बक भन्ने एउटा धातु छ। त्यो चुम्बक घुम्दा चुम्बकीय शक्ति उत्पन्न हुन्छ। त्यो चुम्बक एक पल्ट घुम्दा चार पल्ट प्लाक प्लाक बलेर आउँछ। तसर्थ त्यस चुम्बकले तिव्र गतिले घुम्दा प्लाक प्लाक बल्ने फैरनको धार नै निस्कन्छ। यही फैरनको धारलाई विजुली भन्छ। आखिरमा त्यो बत्ती एउटा मात्र होइन, फैरनको धार हो। त्यो चुम्बकलाई क्रमशः विस्तार पावर घटाई चलाई हेर अनुभव हुन्छ। चुम्बकको ज्ञान हुनेलाई यो उपमा साह्रै सुहाउँदो छ। त्यसको निम्ति अनेक अनुभव भएको व्यक्तिलाई भएमा उपमा द्वारा नै छिटो बोध हुन सजिलो हुन्छ। त्यो चुम्बकबाट निस्कने विजुली जस्तै प्राणीको शरीरमा उत्पन्न भएको चेतन पनि एउटा मात्र हैन विज्ञानको धार मात्र हो। स्पर्श विना अनुभव हुँदैन, अनुभव हुनेलाई नै चेतन भनिएको हो। स्पर्शले भित्रबाट पनि बाहिर बाट पनि एउटा एउटा स्पर्श अखण्ड हुने हुनाले धार नै बहने गर्दछ। एक पल्ट स्पर्श हुँदा एउटा मात्र विज्ञान उत्पन्न हुने होइन एउटामा पनि अनेक विज्ञान उत्पन्न हुन्छ।

### उपमा

सियो एउटा अगाडि राख। त्यस सियोलाई हेरेर आकारको विचारले मात्र सियो भनी भन्दछ। सियोको आकार हेर्दा टुप्पा देखि फेदसम्म फेददेखि टुप्पासम्म मन (चित्त) दौडिएको ले मात्र टुप्पा, फेद, बीच, सियोको प्वालको विचार गरी सियो भनिएको हो। त्यो सियोको आकार हेरेर विचार गर्दा कस्तो तरिकाले मनो विज्ञान परिवर्तन भएर जान्छ त्यो पनि एक पल्ट तिमीले विचार गरी हेर।



Downloaded from http://dhamma.digital

यो कुरा थाहा पाउन पढ्ने वा लेख्नेको उपमा मिल्दछ -

जसरी पढ्ने विद्यार्थीले पढ्दा सरर पढी लान्छ। पढ्नेले क लाई ख भन्दैन ख लाई क भन्दैन। अक्षरको आकार लाई विचार गरी अक्षर मिल्दछ। पहिला अक्षर सिक्दा कस्तोलाई क भनिन्छ फेरि कस्तोलाई ख भनिन्छ? अक्षरको आकारलाई विचार गर्दा अक्षरको रेखा संग मन दौडाउँछ। जसरी रेलको लिक संग रेल जान्छ। अक्षरको रेखासंग मन पनि एकोरिएर जान्छ।

क को आकार बनाउन यदि केराउ लहरै राखी बनायो भने क एउटालाई कतिवटा केराउ गेडा जाला? त्यो भन्दा तोरी गेडा वा कोदोको बनायो भने अक्षरलाई तोरी गेडा वा कोदो कति लाग्दछ? त्यो भन्दा पनि भूईंको धूलो कणले बनायो भने? त्यो भन्दा अणु भएमा अरू बढी हुन जान्छ। त्यो भन्दा पनि परमाणु धेरै हुन्छ। त्यो भन्दा पनि मनोविज्ञान धातु धेरै हुन्छ।

सरर अक्षर पढ्नेको मनो विज्ञान कति चलाखले परिवर्तन भएर अनित्य भएर गई रहेको होला?

मनो विज्ञान परिवर्तन भएर गइरहेको दृष्टान्त जसरी अक्षर लेख्नेले क लेख्दा कलमको टुप्पाले कागजमा लेख्यो। त्यो एउटा मनले त्यहाँ रेखा कोरेर लग्यो। त्यहाँबाट अर्को मन भयो। कलम कागजमा राख्दाको मन र रेखा तानेर लाँदाको मन एउटै होइन। यदि मन त्यही एउटै हो भने कलमको टुप्पा भई नै रहन्छ मन अर्को परिवर्तन भएन भने कलम चल्दै चल्दैन। कलमको टुप्पाले छुएको एउटा चित्त, रेखा तानेर लगेको अर्को चित्त, तान्न पुग्नासाथ पुगेको चित्त अर्कै, घुमाएर लगेके अर्कै चित्त। यस प्रकारले क एउटा लेख्दा कति चित्त परिवर्तन हुने हो विचार गरी हेर।

## अर्को एउटा उपमा

कुनै एकजनाको घरमा तेलको बत्ती बालीराख्यो। त्यो कसरी बल्यो होला? भाडो भित्र तेल छ, त्यसमा सलेदो पनि छ। त्यसमा सलाई कोरी सलेदोमा छुना साथ बत्ती बल्छ। बत्ती तेलले भिजिएकोले सलाई बाली छुनासाथ बत्ती बल्यो। बत्ती बलेकोले सलेदो तातियो। सलेदो तातिएकोले तेल मास्तिर सऱ्यो, तेलले सलेदो छुना साथ त्यो पनि बल्यो, बलेकोले तातियो, तातिएकोले तेल सोचेर लियो। सोचेकोले फेरि तेल माथि सऱ्यो, त्यो



Downloaded from http://dhamma.digital

तेल पनि बल्यो। त्यस तेलमा बलेको के चीज होला ? तेलमा परमाणु धातु छ। त्यही परमाणु धातु तातेको सलेदोले सोचेर लिन्छ। माथि आए पिच्छै बत्ती छुनासाथ परमाणुको धार नै बल्दछ। बल्दै गएको परमाणुको धारलाई नै बत्ती भनिएको हो। परमाणु धातुसंग तेलको शक्ति बलेर शक्ति सकिनासाथ कालो भएर उडेर जानेलाई नै धुवाँ भनिन्छ। तेलमा शक्तिशाली धातु परमाणु धातु छ, त्यही परमाणु गएर बल्दछ बली सकेको परमाणु धातु कालो भएर धुवाँ भैरहेको हो।

भन्ते ! परमाणु केलाई भन्दछ ?

परमाणु भनेको कस्तो भने -घोडा बग्गी दौडिएर आउँदा पछि पछि आउने धूलोलाई स्थूल अणु भनिन्छ। भित्ताको सानो प्वालमा देखिने सूर्य किरणमा उडिरहेको धूलोलाई अणु भनिन्छ। अणुको पनि अति नै सानो अंशलाई परमाणु भनिन्छ। यस्तो परमाणु धातुको कण एउटा मात्र भयो भने न आँखाले देख्न सक्दछ न हातले छुनसक्छ। सूक्ष्माणु सूक्ष्म अत्यन्त सूक्ष्म भएको परमाणु धातु नै चतुर्महाभूतको शक्ति हो। परमाणु अधिक हुनासाथ पृथ्वी धातु हुन्छ, आपो धेरै हुँदा त्यसमा परमाणु नै भएता पनि त्यसलाई आपो नै भन्दछ। पृथ्वी धातुको संघर्षले अग्नि उत्पन्न हुन्छ, त्यसमा पनि अग्निको रूप भएको नै परमाणु मिश्रित भई राखेकोले हो। त्यही परमाणुको राशीमा तातो अधिक भएकोले तेजो धातु भनिएको हो। जहाँ अग्नि छ त्यहाँ वायु धातु उत्पन्न हुन्छ। वायुमा पनि ठक्कर खाने चीज परमाणु नै हो। हलन चलन गर्ने अधिक भएकोले वायु भनिएको हो। वायु द्वारा परमाणु समूह हुन्छ, आपो द्वारा त्यही समूह परमाणुलाई ढिक्का पार्दछ त्यसलाई नै पृथ्वी भन्दछ। छुएर हेर्दा तातो वा चिसो तेजो धातु भनिन्छ। तेजो धातुको तेजले वायु उत्पन्न हुन्छ। वायुले ढिक्का पारेर बसेको पृथ्वीलाई रक्षा गरी राख्छ। वायुको शक्ति सकिना साथ टुक्रा टुक्रा परी धूलो भएर जान्छ। त्यसको निम्ति वायुलाई रक्षक पनि भनिन्छ। त्यसमा पृथ्वी, आपो, तेजो, वायो भन्ने यथार्थ जस्तै लक्षण मात्र हो। अन्यथा भए जति सबै प्रमाण पिण्ड मात्र हो।

भन्ते ! लोकमा सबैले पञ्चतत्व भन्दछ, तपाईंले भने चारवटा अर्थात् चतुर्महाभूत भन्नु भयो। किन आकाश एउटा धातु होइन र ?

आयुष्मान्। तिमी भने भनेको कुरामा मात्र दौडी रहेको छौ। आफूले विचार गरी हेर्ने ज्ञान छैन। जो सुकैले जे सुकै भने पनि आफूले पनि एक पल्ट विचार गरी हेर्ने



Downloaded from http://dhamma.digital

बानी गर। आकाश भनेको धातुलाई गन्ति गरिन्न। भगवान् बुद्धले आकाश धातु भन्नु भएन। आकाश भनेको अवकाश हो। केही नभएको स्थानलाई आकाश भनेको सिवाय कुनै पदार्थलाई भनेको होइन। तसर्थ आकाशलाई धातु भन्नु भएन।[1]

हाम्रो कुराको सिलसिला छाडियो। हाम्रो कुराको विषय यो हो कि परमाणु धातुको धार बल्दै समाप्त भइ गइरहेकोलाई एउटा बत्ती भैँ देखिरहेको हो। आखिरमा त्यो स्थिरले बलिरहेको एउटा मात्र बत्ती हैन, धार चली रहेको मात्र हो।

हिमालबाट हिउँ पग्लेर पानी भएर बगिरहेको पानीलाई नदी भनियो, त्यही नदी पशुपति पुग्दा आर्यघाट भनियो। त्यहाँ त्यो घाट क्षेत्रलाई आर्यघाट भनियो। त्यहाँ भन्दा तलको पानीलाई बागमती भनियो। आर्यघाटमा नुहाउने भनियो तर नुहाउँदा पानीले नुहायो। पानीलाई घाट भनिएको कि स्थानलाई ? त्यो ठाउँमा नपुगुन्जेल पानीको नाम अर्कै छ। यहाँ भन्दा तल पुग्ना साथ अर्कै नाम हुन्छ। त्यो ठाउँभरी मात्र आर्यघाट भनिन्छ। त्यो आर्यघाटमा भएको पानी त्यही नै त्यहाँ रहिरहेको छैन, बहेर नै जान्छ। त्यसैगरी बत्तीको तेजमा परून्जेल बत्ती भनियो त्यसपछि कालो भएर जाँदा त्यसलाई धुवाँ भनियो।

त्यसरी नै चेतनाको धार पनि एउटै पनि आत्मा होइन। शरीरमा अखण्ड स्पर्शको धारले झिल्का निस्केको भैँ स्पर्श भए पिच्छै विज्ञान उत्पन्न हुँदै समाप्त हुँदै गएको हो। त्यस्तो हेतुद्वारा उत्पन्न हुँदै समाप्त भएको चेतन हो सिवाय आत्मा होइन।

**फेरि अर्को**

नाम पनि रूप पनि दुवैनै परिवर्तनशील हो। नाम भनेको चेतन हो। रूप भनेको शरीर अर्थात् चेतनको हेतु हो।

भन्ते ! शरीर परिवर्तनशील भनेको मेरो विचारले देख्न सकिन। किन भने यदि शरीर परिवर्तन भई गई रहेको हो भने म त अर्कै हुनुपर्ने हो। त्यसरी बदलिरहेको होइन। कसरी परिवर्तनशील भन्नु ?

---

१. महाभूत - भूत भनेको बनाउने स्वभाव- तर आकाश धातु शून्य स्वभाव मात्र भएकोले यस बाट केही पनि बनिदैन त्यसैले महाभूतमा लिइएन। धातु भन्नाले गुण धारण गर्ने स्वभाव-त्यसैले शून्य स्वभाव भएकोले आकाश धातु भने भनिन्छ-प्राणपुत्र।



Downloaded from http://dhamma.digital

(भन्तेले हाँसेर भन्नु भयो ।) आयुष्मान । त्यसरी कुरा गऱ्यो भने तिमीलाई केटाकेटी भन्छ । कस्तो भयौ तिमी ? कति कुरा बताई सके अझपनि तिमीमा विचार ज्ञान छैन । यदि शरीर परिवर्तन भएन भने आमाको गर्भ देखि निस्कँदा जस्तो भएको हो त्यस्तै हुनु पर्ने हो ठूलो नहुनु पर्ने हो । दुई तीन वर्ष नदेख्दा अनुहार चिन्न नै नसक्ने हुने कसरी ? परिवर्तन भएर होइन ? आहारद्वारा नयाँ रगत मासु बन्दछ, पुरानो जति केश, रौं, आँशु, सिंघान, कफ, पसिना, आदि अनेक प्रकारले बाहिर निस्केर परिवर्तन भएर गएको छ । केवल जन्म भए देखि दिन गन्ति गरेको धागोमा माला उनेर, दिन महिना वर्षको माला उनेर, शरीर रूपी स्थानमा रगत मासुको परिवर्तन भई गइरहेकोले बच्चा, तन्देरी, बृद्धा भएर आयु समाप्त भएर मरेर जान्छ । मरेर फेरि पुनर्जन्म हुन्छ, त्यहाँबाट पनि पूर्वाक्तानुसारले परिवर्तन भएर जाने स्वभाव धर्म हो । त्यसरी नै कर्म, चित्त आहार ऋतुको मूलमा चक्षु आदि इन्द्रिय र रूपादि विषयको स्पर्श भएकोले हो । मादल (बाजा) बजाउँदा बजाए पिच्छै शब्दहरू आए जस्तो स्पर्श गरे पिच्छै अनुभवी (चेतन) उत्पन्न भएर अखण्ड भएकोले एउटै जस्तो भाव देखिएको हो । तसर्थ नाम रूप दुबै नै परिवर्तशील हो । आत्मा होइन ।

**फेरि एउटा उपमा सुन**

धुप एउटा बालेर हातमा पक्रेर फन फन घुमायो भने त्यो एउटा धुपको आगो चक्का जस्तो देखिन्छ । के त्यो साँच्चे नै चक्का आगो हो ? त्यसरी नै नाम रूप पनि अखण्ड चली रहेकोले एउटै जस्तै देखिएर आत्मा भन्ने भाव देखिएको हो ।

अब बुझें भन्ते ! धन्य तपाईंको करूणा । एक रति पनि दिक्क नमानी र गाह्रो नमानी अनेक प्रकारले उपमा दिएर दृष्टान्त दिएर पनि नबुझेको बुझ्ने उपदेश गर्नु भयो । साधु । साधु !! साधु !!!

आयुष्मान् ! हेतु द्वारा उत्पन्न भए जति भौतिक वा अध्यात्म पदार्थ कुनै पनि नित्य हुने होइन । त्यस्तो हेतु प्रत्यय र अनित्य पदार्थलाई के आत्मा भन्न सुहाउँछ ?

आत्मा भनी विश्वास भई बस्ने केवल अज्ञानताको चिन्ह मात्र हो । त्यस्तो आत्मालाई भित्र अभ्यन्तरले देखि ध्रुव अविनाशी भनी दृढ विश्वास गरी बस्नेहरूलाई विश्वासको बलले अविनाशीनै हुन्छ । संसारबाट मुक्त हुन सक्दैनन् । हेतुको नाम निसाना नै नहुने



Downloaded from http://dhamma.digital

गरी निरोध गर्न सकियो भने मात्र जन्म मरणको चक्रबाट मुक्त भएर निर्वाण पद प्राप्त गर्न सकिन्छ ।

भन्ते ! लोक जनको भनाई यो पनि छ कि हाम्रो शरीरमा कुरा गरी रहनेलाई आत्मा भन्दछ । यो कसरी हो त भन्ते ?

आयुष्मान । लोक जनको भनाई यो पनि कसरी भन्न खोई ? यता होइन भने उता देखायो , उता होइन भने यता देखायो । बोल्ने मात्र कसरी आत्मा हुन्छ । किन भने जन्म भए देखि सतसंगत केही नभएको ठाउँमा राखेर पालेर राख, केही पनि सिकाएर नसिकाउ, त्यो बच्चाले कुरा गर्न जान्ला कि जान्दैन ?

सक्दैन भन्ते ?
किन त्यसमा वाक् शक्ति नभएर कि ?
भन्ते ! वाक शक्ति भनेको कस्तो ?
वाक शक्ति भनेको वाक्य बोल्न सक्ने शक्ति हो ।
त्यो तत्व केलाई भनिन्छ ?

चित्त तत्व, वाक तत्व र बुद्धितत्व यी तीन वटा तत्व नै बोल्न सक्ने तत्व हुन् । चित्त तत्व भनेको हृदय हो, वाक् तत्व भनेको कण्ठस्थान तालुस्थान, मुर्धन्यस्थान दन्तस्थान, ओष्ठस्थान अन्तस्थान नाशिकास्थान भनी ७ स्थान (तत्व) छन् । यी ७ तत्वहरू वाक्य बोल्न सक्ने तत्व हुन् । बुद्धि तत्व भनेको गिदि हो । जम्मा आठवटा भयो । त्यही आठवटा तत्व भएर नै कुरा गर्न सकिन्छ । त्यस बच्चामा ती तत्व सम्पूर्ण भएता पनि कसैले पनि कुरा सिकाई दिएन भने उसले कुरा गर्न सक्दैन भने, उसमा पनि आत्मा नभएको ठहरियो । हेर आयुष्मान् ! त्यही आठवटा तत्व भएकोले लोकले भनेको शब्द ग्रहण गरेर कुरा गर्न सकेको हो । चित्तले इच्छा गर्दछ । बुद्धिले वाक्य बनाउँछ, वचनले प्रयोग गर्दछ । यहाँ पनि बोल्ने आत्मा हैन ।

भन्ते ! कुरा गर्नुलाई त्यतिका तत्व चाहिन्छ र ?

चाहिंदैन कसरी आयुष्मान । आ-आफ्नो स्थानबाट आ-आफ्नो शब्द उच्चारण हुनु सिवाय एउटै स्थानबाट हामीलाई चाहिने शब्द उच्चारण हुँदैन । जस्तै अ क ख ग



Downloaded from http://dhamma.digital

घ ङ यति कण्ठ स्थानवाट उच्चारण हुन्छ । श च छ ज झ ञ यति तालुस्थानवाट उच्चारण हुन्छ । ष ट ठ ड ढ ण यति मूर्धन्यस्थानवाट स त थ द ध न यति दन्त स्थानबाट । प फ व भ म यति ओष्ठस्थानबाट य र ल व यतिलाई अन्तस्थान भनिन्छ । जुन जुन अक्षरको स्थानको ठेगान छैन त्यसलाई अन्तस्थान भनिन्छ । बाँकी अक्षरहरू नाकवाट उच्चारण गर्नुपर्छ जस्तै ङ, ञ, ण न म यतिलाई नासिका स्थान भनिन्छ । यहाँ बुद्धिले तरिका मिलेर वाक्य बनाएर प्रयोग गर्दछ । यो उपरोक्त तत्वमा एउटा तत्व गडवड भएता पनि वाक्य स्पष्ट हुँदैन भने कहाँको बोल्ने आतमा हुन्छ ?

अव बुझें भन्ते ! संसारमा जे सुकै पनि तत्व मात्र हो भन्ने कुरा बुझें । यसमा मलाई अर्कै संशय उत्पन्न भयो । त्यो के भने- तपाईंको उपदेशद्वारा तत्वमात्र हो भन्ने ज्ञान त बुझें बाँकी शंका के भयो भने यता पुनर्जन्म लिन जाने पाउन सकिन । तत्व त त्यही भयो, उता कुनै पदार्थ नै आतमा भन्ने नभए पछि पुनर्जन्म लिन जाने को ?

## पुनर्जन्म

हो, आयुष्मान । प्राणीहरूको शरीरमा भइरहेको तत्वहरूमध्ये कुनै पनि तत्व जन्मलिन जाँदैन ।

भन्ते ! त्यस्तो हो भने पुनर्जन्म छैन भन्ने कुरा नै सत्य भयो होइन र ?

आयुष्मान ! संसारमा पुनर्जन्म छैन भन्नेहरू पनि छन् । तर उनीहरूको सिद्धान्त मिल्दैन । किनभने तत्व ज्ञान नजानेर आश्रव क्षय नभइकन, तृष्णा निरोध नभइकन त्यसै पुनर्जन्म छैन भनी भनेर मात्र सत्य हुँदैन । त्यस्तो शिद्धान्तले संसारमा दुर्लभ नरजन्म व्यर्थमा समाप्त गर्ने सिद्धान्त हो, पाप गर्न डराउँदैन । ज्ञान मार्ग गल्ति हुनासाथ सुख शान्ति भन्ने कहिले पनि प्राप्त हुन सक्दैन । किनभने काय वाक चित्तले गरे जति कर्मको विपाक भोग नगरी नै पुग्दैन । गरे जति कर्मको फल भोग गर्नु परेकोले पुनर्जन्म नभईकन पुग्दैन । साँच्चै नै पुनर्जन्म नबनाउन उपाय गर्‍यो भने उपाय पनि छ । त्यो उपाय यो हो कि शरीरमा पाइने ५४ प्रकारका धातु र रूपादि बाह्य आयतन ६ वटा समेत जम्मा ६० प्रकारका धातुलाई आँखाले देखे झैं गरी एउटा एउटा छुट्याई हेर्ने साधना गर्नु पर्दछ । त्यही धातु भेदानुपश्यना भावना वारबार त्यसैमा रतभएर बस्नुपर्दछ । अप्रमादी पूर्वक एक चित्त गरी भावना नछाडिकन अखण्ड रूपले रत भएमा आत्मत्व अर्थात् अहंभाव हराउँछ । अहंभाव नहुनासाथ तृष्णा पनि संगै नै नाश हुन्छ । तृष्णा नहुना साथ क्लेश



Downloaded from http://dhamma.digital

सबै मूर्छा भएर चुँडिएर जान्छ र इतिश्री हुन्छ । त्यसै भएर मात्र पुनर्जन्म हुनु पर्दैन , निरोध निर्वाण पद प्राप्त हुन्छ ।

भन्ते ! तपाईंले दुवै धार देखाएर उपदेश गर्नु भएकोले मेरो दुविधा रही नै रहेको छ । ६० वटा धातु भएकोमा एउटै पनि जन्म लिन जाँदैन पनि भन्नु भयो फेरि आश्रव भएसम्म पुनर्जन्म नभई रहँदैन पनि भन्नुभयो । मलाई त कुरा सुन्दै रिंगटा लागेर आयो । भन्ते ! कसरी बुझ्ने ?

आयुष्मान ! परमार्थ ज्ञान बुझ्न सजिलो छैन । शील विशुद्धि र चित्त विशुद्धि पनि आवश्यक छ । तिमी त शीलवान नै हौ ध्यानी पनि हौ, कसरी अलमलियौ ? आयुष्मान ! राम्ररी ध्यान दिएर सुन वुझेर आउँछ । यता हेर ! शरीरमा भएको ५४ प्रकार का धातु मध्ये एउटा पनि जन्म लिन जाँदैन यो कुरा पनि सत्य हो । फेरि आश्रव क्षय नभए सम्म पुनर्जन्म हुनु पर्ने यो कुरा पनि सत्य हो । किनभने शरीरमा स्थित धातुहरू न जन्म हुन जाने हो, न त्यो कर्मको कर्ता नै हो । न त्यो विपाक भोक्ता नै हो । त्यो त केवल धातु मात्र हो । धातुको आ-आफ्नो स्वभाव धर्म अनुसारले चलिरहेको मात्र हो । आयुष्मान ! जन्मको साथ साथै अज्ञान पनि स्वभावैले आउँदछ । अज्ञानले अकुशल हुने पनि स्वभाव नै हो । अकुशल फलले दुःख हुने पनि स्वभाव नै हो । यसमा स्वभाव दुई प्रकारका छन् । कति स्वभाव धर्मलाई वदलेमा बदलिने पनि छ कति नवदलिने पनि छन् ।

अज्ञानले अकुशल कसरी भएर आउँछ ? भन्ते !

ज्ञान नभएको अवस्थामा चक्षु आदि इन्द्रिय र रूपादि विषयको स्पर्श हुनासाथ वेदना उत्पन्न हुन्छ । वेदना उत्पन्न हुनासाथ तृष्णा उत्पन्न हुन्छ । त्यही तृष्णाले रूपादि विषयको रस भोग गर्ने इच्छा वारबार हुन्छ, त्यसमा गर्नु हुने नहुने विचार नगरी गरेको कार्यलाई अकुशल भन्दछ ।

यता कल्याण मित्रहरूको सतसंगत भयो भने त्यो गर्नु हुने नहुने भन्ने थाहा पाउँछ । थाहा पाउनेले अकुशल हुने काम गर्दैन ।

भन्ते ! उसले के थाहा पाएर अकुशल हुने काम छाड्छ ?



Downloaded from http://dhamma.digital

संसारमा प्राणी मात्रको दुःख कसैलाई पनि मन पर्दैन। दुःख मन नपर्नेहरूलाई दुःख दियो भने त्यसको विपाक आफूलाई नै दुःख हुन्छ। दुःख मन नपर्नेहरूलाई सुख दिने श्रद्धा भयो भने आफूलाई पनि सुख भोग गर्न पाइन्छ। यो ज्ञान र यथार्थरूपले बुझ्यौं भने गुरुद्वारा प्रज्ञाज्ञान सिकेर १८ वटा धातुको भावना गरी अकुशलवाट बच्ने कोशिस गर्छ। १८ वटा धातुको भावना गर्ने तरिका यस प्रकार छ :-

चक्षु धातु, रूप धातुको संयोगले चक्षु विज्ञान धातु उत्पन्न हुने स्वभाव धर्म हो। श्रोत धातु, शब्द धातुको संयोगले श्रोत विज्ञान धातु उत्पन्न हुने स्वभाव हो। घ्राण धातु, गन्ध धातुको संयोगले घ्राण विज्ञान उत्पन्न हुने स्वभाव हो जिव्हा धातु रस धातुको संयोगले जिव्हा विज्ञान उत्पन्न हुने स्वभाव छ। काय धातु स्पर्श धातुको संयोगले काय विज्ञान उत्पन्न हुने स्वभाव छ। मनो धातु धर्म (विचार) धातुको संयोगले मनो विज्ञान धातु उत्पन्न हुने स्वभाव छ।

६ इन्द्रिय , ६ विषय, ६ विज्ञान जम्मा १८ वटा धातु मात्र छन्। यिनीहरू कर्मको कर्ता होइनन्। विपाक भोग्ता पनि होइनन्। जन्म हुने पनि होइनन्। यी १८ धातु त केवल हेतु मात्र हुन्। यिनै हेतुद्वारा उत्पन्न भएको क्लेश हो। आँखाले रूप देखेर राग वा द्वेष वा मोह उत्पन्न भएकोलाई क्लेश भन्दछ। यो क्लेश हो कर्मको कर्ता। त्यसैले जुन विषयमा मन लिप्त हुन्छ त्यसैलाई उपादान भनिन्छ। जुन जहाँ उपादान हुन्छ त्यसलाई भव भनिन्छ। जहाँ भव भयो त्यहाँ प्रतिसंधि (जन्म) हुन्छ। यो क्लेशको मूल नै म भन्ने आत्म भाव हो। आत्म भावले स्वार्थ लिनासाथ तृष्णा, इच्छा आदि क्लेश उत्पन्न हुन्छ।

शरीरमा पाइने ५४ प्रकारका धातुलाई कर्म चित ऋतु आहारको आधारले धातुको आफ्नो आफ्नो स्वभाव धर्म चल्ने शक्ति भएको छ। त्यो धातुको स्वभाव धर्म मेशिन झैं चलेर बस्ने मात्र हो। त्यो धातुको समूहमा प्रत्येक धातुसंग चेतना छैन। सबै मिलेर चल्ने हुनाले मात्र चेतन उत्पन्न भएर आएको हो। तसर्थ त्यसमा आत्मा भन्ने छैन। त्यही धातुको आधारले अज्ञानवश क्लेश उत्पन्न भएर पुनर्जन्मको कारण वन्न जान्ने हो।

भन्ते ! यो धातु कहां संग्रह भयो होला ?

जन्म हुनु परे सम्म धातु सग्रह हुन्छ। जन्म नै हुनु नपरेमा धातु संग्रह हुने हेतु निरोध हुन्छ।



Downloaded from http://dhamma.digital

# जन्म निरोधार्थ

आयुष्मान्, निर्वाणकामीहरुले [1] पहिले क्लेश नै निरोध गर्नु खोज्दछ। क्लेश निरोध गर्नेले आत्म भाव र स्वार्थ नाश गर्नु पर्छ, त्यस पछि मात्र तृष्णा ईच्छा इत्यादि क्लेशलाई दमन गर्न सकिन्छ। दमन मात्र गर्न सकेर पुग्दैन अशेष हुनेगरी निरोध नै गर्नु पर्छ। निरोध गर्न सक्नको लागि भने प्रज्ञा ज्ञाननै नभई हुदैन।

भन्ते! प्रज्ञा ज्ञान भनेको के हो ?

आयुष्मान्! प्रज्ञा ज्ञान भनेको कस्तो भने ज्ञान भनेको तीन प्रकारका छन् - संज्ञा, विज्ञान, प्रज्ञा भनेर। संक्षिप्तले थाहा पाएको ज्ञान संज्ञा हो, विशेष थाहा पाएको विज्ञान हो, धातुलाई केलाएर प्राप्त भएको रसलाई थाहा पाएको ज्ञान प्रज्ञा हो।

माथि बताइएको ५४ प्रकारका धातुलाई यो यो हो भनी थाहा पाएर, कुन कुन धातुले के के उत्पन्न हुन्छ, फेरि के के धातु केलाई हेर्दा के के लोपहुन्छ, यी सब जान्ने ज्ञानलाई प्रज्ञा भनिन्छ। यति मात्र हैन, नाम स्कन्ध अर्थात वेदना, संज्ञा, संस्कार, विज्ञान आदि अरुपतत्वलाई पनि उत्पन्न हुदै समाप्त भएर गएको र उत्पन्न भएको हेतु र अरुप नामस्कन्धको गति र अन्त्य भएर गएकोलाई यथार्थ रुपले थाहा पाएको ज्ञानलाई प्रज्ञा भनिन्छ। यस्ता तत्वज्ञान नभएको व्यक्तिको चित्तमा अज्ञानले गर्दा उत्पन्न भई रहेको क्लेश हो। क्लेश नष्ट गर्न उपरोक्त तत्व ज्ञान थाहा पाउने प्रज्ञा ज्ञान आवश्यक छ।

त्यसो हो भने भन्ते! जन्म लिन जाने त्यही क्लेश हो त ?

जन्म लिन जाने त्यही क्लेश पनि होइन, आयुष्मान। जन्म हुने प्राणी हो। जन्म हुनेको हेतु मात्र क्लेश हो। क्लेश युक्त कार्य संस्कार हुन्छ। संस्कार भनेको-काय, वाक,

---

१. वाण=दुःख=राग द्वेष मोह आदि क्लेशहरूको कारणबाट दुःख हुन्छ। जब यी क्लेशहरू निर्मूल (निः) हुन्छन तब दुःख पनि निर्मूल हुन्छ। यसैलाई निर्वाण भनिन्छ। यो निर्वाण यसै शरीरमा प्राप्त हुन्छ । निर्वाण प्राप्त व्यक्तिको तृष्णा आदि नभएकोले मृत्युपछि नाम रूप अलग भएर मुक्त मोक्ष हुन्छ। अन्य कुनै लोकमा फेरी पुनर्भव हुँदैन। मानिस देवता आदि योनीमा जन्म भएसम्म निर्वाण प्राप्त भएको हुँदैन। आत्मा मानेसम्म पनि निर्वाण प्राप्त नहुने हुनाले निर्वाण प्राप्त गर्ने शिक्षा वा विधि कर्मवादी बुद्ध शिक्षामा बाहेक आत्मावादी ईश्वरवादीहरू मुक्त हुँदैनन्। देवलोक ब्रह्मलोक सम्म मात्र पुग्न सक्दछन् - प्राणपुत्र।



Downloaded from http://dhamma.digital

चित्तले राग व्देष, मोह सहित गरिएको कर्म संस्कार हो। सस्कारको हेतु अविद्या हो।

भन्ते ! अविद्या भनेको कस्तो हो ?

आयुष्मान। अविद्या भनेको कस्तो भने, अविद्याको रुप आकार रंग वर्ण केही पनि छैन। निरंजन निराकार छ। त्यो अविद्यालाई कसैले वनाउनु पर्दैन, आफै भई रहेको छ। त्यो अविद्यालाई नबनाउने हो भने उपाय गर्नु पर्दछ। बनाउन उपाय गर्नु पर्दैन। जहां जन्म भयो त्यहां यथार्थ ज्ञान प्राप्त नभए सम्म अविद्या अन्धकारले केही पनि नदेखेर संसारलाई यसो त्यसो भन्न नसक्ने हुन्छ।

## उपमा

अन्धकारलाई कसैले बनाउनु पर्दैन, आफै भएर आउंछ। अन्धकार हटाउन परेमा आलोकीत गर्ने प्रयत्न गर्नु पर्दछ। अन्धकारलाई प्रयत्न गर्नु पर्दैन।

**फेरि अर्को उपमा**

फलाम खिया पार्नु प्रयत्न गर्नु पर्दैन। खिया लागेको फलामलाई सफा गर्नु परेमा प्रयत्न गर्नु पर्दछ। वास्ता नगरी फ्याली राखेमा फलाम खिया लाग्छ। आलोकको अर्थात बत्ती बाल्ने वास्ता नगरिएमा अध्याँरो नै भई रहन्छ। त्यसरी नै यथार्थ ज्ञान प्राप्त भएन भन्ने अविद्याले ज्ञान चक्षु अन्धो बनाई राख्छ। त्यही ज्ञान चक्षु नदेखिएकोले मार्ग कुमार्ग थाहा नपाएर अर्थात धर्म पाप थाहा नपाएर जति कर्मको विपाकको भागी भएर जन्म र मरणको चक्रमा परी कहिले पनि निर्वाण पद प्राप्त गर्न नसक्ने आत्मावादी भई बस्नु परेको हो। त्यस्ता मूर्खको लागि संसार अपरंपार भई बस्छ। संसारको महिमा देखेर आश्चार्य मान्दछ। आफूमा ज्ञान नभएकोले गर्दा अन्दाजले विचार उत्पन्न गरी भन्दछ कि यो सबै परमात्माको लिला हो भनेर। दुःख भएता पनि सुख भएता पनि, रुनु परेमा पनि, हांस्नु परेता पनि, सहेर सही नसक्नु भएर पानी भित्र गर्नु परेता पनि, विष खाएर मर्नु परेता पनि, झुन्डिएर मर्नु परेता पनि, मार्नु परेता पनि, ज्ञान खोज्ने वास्ता नगरी, भए अनुसार गराएर परमात्माको महिमा भनी अन्धकारमा बसेर संसारमा आत्मा ध्रुव बनाई राखेको हो। यस्तो संसारलाई हेतु प्रत्यय भनी थाहा पाएर हेतु निरोध गरी निर्वाण पद प्राप्त गरी पुनर्जन्म नहुने हुन्छ। अध्यात्म तत्व ज्ञान नबुझे सम्म जतिसुकै



Downloaded from http://dhamma.digital

ठूलो योग्य होमादि ध्यान समाधि भावभक्ति ऋद्धि सिद्धि योगबल भएता पनि निरोध निर्वाण पद प्राप्त गर्न सक्दैन । तथापि सुकर्मको फल भन्ने सित्तैमा जादैन । लौकिक सुख सम्म प्राप्त हुन सक्छ, तर हेतु निरोध हुदैन । कस्ता कस्ता महातपस्वीहरुले पनि खोज्दा नपाउने हेरेर नदेख्ने, जित्दा जित्न गाह्रो अति नै सूक्ष्म भएको अहं - आत्मालाई पाइतालामा राखेर नचाएर राखेको परमात्मा होइन अविद्या हो । त्यस्तो अविद्यालाई प्रज्ञावानहरुले साधकहरुले तत्वमात्र हो भन्ने प्रज्ञाज्ञानले निर्णय गरी आत्मत्व देखि भएका सबै क्लेशलाई निरोध गरी जन्म मरणको चक्रबाट मुक्त भएको निरोध अवस्था निर्वाण पद प्राप्त गरी लिन्छ ।

प्रज्ञाज्ञान प्राप्त नभएकोलाई वीचबाट उत्पन्न भएको क्लेशले नै कर्मको कर्ता भएर कुशल अकुशल कर्म गराउँछ । त्यही कर्मको विपाक भोग गर्नको लागि पुनर्जन्म हुन जान्छ । जन्म हुने भनेको नै नामरूपको अंग आवश्यकतानुसार धातु संग्रह भएर शरीर बन्ने हो, त्यो दुःख सुखरूपी विपाक भोग गरी बस्दछ ।

हामी सबै यहाँ कर्म भोगी लोकमा सबै समान ।
जस्तासुकै सुख भएता पनि कर्म सुधार्ने नै आफू ॥
शुद्ध हुन्छ यहाँ कर्म उज्वल प्राणिहिंसा नगर्नाले ।
शील पञ्चक पालनादि धारणा यहाँ हुनाले ॥
गर्नु पर्ने त्यो शील पालन शान्त शीतल चाहेमा ।
पाप सकिन्छ जब आफूलाई शीतल कर्म सुधारेमा ॥

आयुष्मान ! संसार समुद्रबाट उत्तीर्ण हुन मन लागे कल्याण मित्रको संगत आवश्यक पर्दछ । दुःखबाट मुक्त हुने कामना गरी श्रद्धा बल बनाउनु पर्दछ । परिशुद्ध चरणशील राम्ररी पालन गर्नु पर्दछ ।सहनशील द्वारा पुरानो पाप कटाउनु पर्दछ । विपाक भोग गर्न नपर्नको लागि मैत्री र करुणा द्वारा शुद्धात्मा हुनु सक्नु पर्दछ । वीर्य बलले आलस्यलाई जितेर चित्त चञ्चल नगर्नका लागि ध्यान समाधि गर्नु पर्दछ । जागृत हुनको लागि स्मृति साधना गर्नु पर्दछ र थाहा नभएको थाहा पाउन ज्ञान चक्षु खोल्नु पर्दछ । अहंभाव हटाउन तत्व ज्ञान विश्लेषण गर्न सक्ने महाप्रज्ञा बल चाहिन्छ । होइन भने अन्धकारमा परेर धर्म कर्म केही नदेखेर संसार चक्रमा ठक्कर खादै घुम्दै हिडनु पर्ला ।



Downloaded from http://dhamma.digital

अंध्यारो ठाउंमा बसेर चित्तमा अशान्ति भएकोलाई उज्यालो पायो भने अध्यारोको साथ साथै मनको अशान्ति पनि हटेर गए जस्तै अज्ञानान्धकारमा परेर छटपटिएकालाई पनि ज्ञान रूपी उज्यालो प्राप्त भयो भने उसलाई संसारको दुःखले छाडेर जान्छ ।

दिउँसोको उज्यालो सूर्य, रातीको वत्ती हो । अज्ञानान्धकारलाई उज्यालो यथार्थ ज्ञान हो । पञ्चस्कन्ध, पञ्च इन्द्रिय, पञ्च नीवरण यी १५ वटा स्वतन्त्रले नै अज्ञानान्धकार हुन् । यी १५ वटाका बन्धन बाट मुक्त हुने प्रज्ञा हो ।

भन्ते ! यो ज्ञान रूपी उज्यालो बनाउने उपाय के छ ?

ज्ञान रूपी उज्यालो भनेको प्रज्ञा प्रदीप हो । जसले तम भन्ने अन्धकारलाई निर्मूल पार्दछ । प्रज्ञा प्रदीप प्राप्त गर्नको लागि चित्त स्थीर बनाउनु पर्दछ । प्रज्ञारूपी वत्ती स्थीर ले बाल्न, हावा रोक्नु पर्दछ । हावा रोक्नुको अर्थ शील रक्षा गर्नु हो । शील रक्षा गर्नको लागि वीर्यवल चाहिन्छ । वीर्य बल बनाउन दुर्गति देखेर भय हुने हुनु पर्दछ । दुर्गति देखि डराउने हुनलाई विचारवान हुनु पर्दछ । विचारवान हुनलाई राम्रो सतसंगत चाहिन्छ ।

प्रज्ञा प्रदीप प्राप्त हुना साथ आत्मा हो कि अनात्मा हो यथार्थ थाहा पाउंछ कि यो शरीर चतुर्महाभूतमय हो । यो नाम र रूपको जीवनमा सुख कि दुःख त्यो पनि थाहा पाउंछ । सुख र दुःखको कारण के हो ? के गरेमा यस्तो चक्रबाट मुक्त हुन्छ । त्यो पनि थाहां पाउंछ । यसको मूल उपाय सम्यक स्मृति हो । सम्यक स्मृतिको भावना विना योग मात्र गरेर हिडेमा साकार वा निराकार ब्रम्हलोक सम्म मात्र प्राप्त हुन्छ , हेतु निरोध हुदैन । किन भने नाम र रूप निरोध नभए सम्म समाधि सुखले मात्र लोकुत्तर प्राप्त हुदैन । समाधि बलको पुण्य सकिना साथ पुनः संसार चक्रको भागी हुनु पर्दछ । पुनर्जन्मको हेतु - वीज - सलाइमा आगो भए जस्तै लुकेर रहने झैं समाधिमा सुखरूपी हेतु लुकेर बसेको हुन्छ । ब्रम्हलोकमा आयु अत्यन्त नै दीर्घ हुनाले योगीको मनमा यही नै हो मोक्ष भनी विश्वास गरी वस्छ । जहां आयु हुन्छ , जति सुकै लामो आयु होस् , त्यो एक दिन समाप्त हुन्छ नै । आवागमन वाट मुक्त हुने नै इच्छा छ भने स्मृति प्रस्थानको ज्ञान साधना नगरी हुदैन । मुक्तिको उपाय यो एउटा सिवाय अरु छैन । स्मृति प्रस्थानको चर्या विना सुखले मात्र पुनर्जन्म छैन भनेर भन्नेहरु उच्छेदवादी भनिन्छ ।



Downloaded from http://dhamma.digital

भन्ते। पुनर्जन्म[1] कुन तरिकाले हुन्छ ?

आयुष्मान ! पुनर्जन्म भनेको यहाँको आत्मा त्यहाँ गएर जन्म हुने पनि होइन। क्लेश गएर जन्म हुने पनि होइन। संस्कार नै जन्म हुने पनि होइन। क्लेश द्वारा संस्कार प्रवाहित भएर गएर त्यहाँ प्राणी उत्पन्न हुने हो

भन्ते ! संस्कारको रुप के हो ? कसरी बोध हुन्छ ?

आयुष्मान ! संस्कार भनेको , एउटा भएर त्यसमा अर्को उत्पन्न हुन्छ। त्यसमा पनि फेरि उत्पन्न हुन्छ। एवं प्रकारले जोडिदै जान्छ , हेतु प्रत्यय हुदै गएर पुनः प्राणी उत्पन्न हुन्छ। त्यसैलाई नै संस्कार भनिन्छ।

भन्ते ! मैले त अझै राम्ररी बुझेको छैन।

बुझेर आउंछ आयुष्मान। हतार मान्नु पर्दैन। सूक्ष्म कुरा हत्पत् कहां बुझिन्छ र।

## उपमा

जस्तै एउटा व्यक्तिले अलि अलि टाढा ईटा लाइनमा उठाएर राख्यो। त्यसमा सबैभन्दा छेउको ईटालाई ठेलि दियो। ईटा लगातार परस्परमा ठेल्दै ठेल्दै लड्दै गयो। त्यो ईटा धकल्ने व्यक्तिले छेउको ईटा एउटा मात्र ठेलेको सिवाय सबै ईटाहरु धकेलेको होइन। त्यसमा सबैभन्दा छेउको ईटा खसेर कुनै प्राणीलाई लाग्यो भने त्यसको कशुर त्यो ईटा धकल्ने व्यक्तिले स्वीकार गर्छ के ? त्यसरी नै क्लेश भनेको हेतु मात्र हो बाँकी काम संस्कार हो।

## कम

६० वटा धातु भएकोले अज्ञानवश अहंत्व उत्पन्न भयो। अहं भाव भएर स्वार्थी भयो, तृष्णा भयो, तृष्णाले इच्छा, इच्छाले रागादि क्लेश, त्यसले गर्दा कुशल अकुशल कर्म, त्यसमा लिप्त हुने उपादान, उपादान भएको स्थानमा नै भव, भवले जन्म, जरा,

---

१. तृष्णा भएसम्म पुरानो संस्कारको आधारमा नयाँ स्वभाव (भव) लम्बिएर जाने अर्थमा पुनर्भव भनिन्छ। त्यसैलाई व्यवहारिक भाषामा पुनर्जन्म भनिएको मात्र हो। आत्माले पुननर्जन्म लिने शाश्वत दृष्टिको न्दर्भमा भनिएको होइन - प्राणपुत्र।



Downloaded from http://dhamma.digital

व्याधि , मरण पुनः फेरि फेरि जन्म । परमार्थ ज्ञान प्राप्त नमए सम्म अज्ञानवश माथि बताए अनुसारले संसार चक्रमा घुमी रहनु पर्दछ ।

भन्ते ! तपाईको उपदेश सुनेर बसुन्जेल सम्म बुझे जस्तो लाग्छ । पछि फेरि विचार गरी हेर्दा पाउन सक्दिन । एक पल्ट फेरि थपेर भनिदिनु होस । आंखा नदेख्नेलाई चस्मा लगाई दिए जस्तै हुन्छ भन्ते ।

आयुष्मान ! तिम्रो अन्यन्तरमा बाकि रहेको शंसय मैले बुझे, त्यो के भने संसारमा प्राणीहरुको जन्म र मरणको सिलसिलामा मूलरुपमा एउटा सत्ता अवश्य पनि हुनु पर्छ । यही होइन त ?

हो भन्ते !

आयुष्मान ! पिजडा भित्र बस्ने पंक्षि यो पिजडा छाडी अर्को पिजडामा बस्न जाने जस्तै प्राण पनि यस शरीर छाडी अर्को शरीरमा बस्न जादैन । फेरि जसरी एउटै सियांले धेरै वस्त्र तयार गरे जस्तै होइन ।

अर्को उपमा सुन

कसैले फलको लागि रुखको बीउ रोप्यो । त्यसमा टुसा पलायो, पात उम्रिएर आयो । रुख ठूलो भयो, फलहरु पनि फल्यो । त्यस्तैनै रुख फेरी अर्को रोप्नु पर्‍यो भने - त्यहां त्यही रुख उम्रेको बीउ निकालेर रोप्ने हो कि फलको बीउ रोप्नु पर्ला ?

भन्ते! त्यो रुखको बीउ त टुसा पलाएर आउंदा नै समाप्त भएर गयो, कहांको बीउ बाँकी रहन्छ र ? रुखमा फलेको फलको बीउ लगेर रोप्नु पर्छ ।

त्यसरी नै प्राणीहरुको प्राण पनि त्यही प्राण गएर जन्म हुन जाने होइन । त्यो प्राणिको कर्मको संस्कार जोडिएर गएर प्राणी उत्पन्न हुन जान्छ । त्यही एउटा बीउ सबै रुखको नभए जस्तो सबै जीवनको प्राण त्यही एउटा होइन संस्कार रुपी रुखमा प्राणी रूपी फल फल्दछ । त्यही प्राणीले पुनर्जन्मलाई संस्कार बनाउंछ । त्यही संस्कारले पुनर्जन्म उत्पन्न हुन जान्छ ।

भन्ते ! त्यसो हो भने - यहां म त्यहां अरु नै भयो । यहां मैले गरेको कर्मको विपाक त्यहां अरुले भोग गर्दछ । यहां म पाप देखेर डराउनु पर्ने किन ?



Downloaded from http://dhamma.digital

आयुष्मान् ! त्यो कुरा पनि मिथ्यादृष्टि भयो । किनभने - अर्को एउटा उपमा सुन -

जसरी वायरलेसको मेशिनमा, अप्रेटरले प्रयोग गरेको शब्द जहांको लागि पठाइएको हो त्यहां स्पीकरमा उत्पन्न हुन जान्छ । यता भने अनुसारको अक्षर एउटा पनि फरक नपरी त्यहां प्रकट हुन्छ । त्यही कुरा द्वारा त्यता अनेक प्रकारको कार्य सम्पन्न हुन्छ । अब तिमी नै भन कि यता भनेको कुरा त्यहां कसरी उत्पन्न भयो ? यता भन्दै गरेको कुरा अक्षरहरु उडेर गयो कि - वायरलेसको मेशिनको टुका कुनै उडेर गयो ?

भन्ते ! त्यहां कुरा गरेको अक्षर उडेर गएको होइन, मेशिनको कुनै टुका पनि उडेर गएको होइन । केवल माइक अगाडी प्रशारित शब्दको संस्कार मात्र नम्वर मिलेको स्थानमा उत्पन्न भएको हो ।

आयुष्मान ! प्राणीको जन्म पनि त्यस्तै हो । यहाँ भनेको शब्द यहाँ नै लय भएर गई सक्यो । त्यहाँ पनि लाउडस्पीकर छैन भने शब्द उत्पन्न हुँदैन । लाउडस्पीकरमा उत्पन्न भएको शब्द यहाँको शब्द उडेर गएर त्यहाँ ग्रहण गरेको हो कि ? त्यहाँ उत्पन्न भएको शब्द अर्कै हो ? ल तिमीले एक पल्ट भन !

यहांको शब्द नै त्यहां पुगेको भन्दा केही पनि पुगेको देखिदैन । यदि फरक फरक भन्ने हो भने न अक्षर न आवाज नै फरक छ । यहाँ भनेको उद्देश्य त्यहाँ पूर्ण भई रहेको छ । यहाँ अहिले तिमीलाई सुख वा दुःख भईरहेको पहिला अरुले गरेको कर्म चनिदैन । आफैले गरेको भन्दछ । जसरी वायरलेसमा एम्प्लिफाएरको तत्वले त्यो संस्कार बनेको हो । त्यसरी नै प्राणीहरूको कर्म विपाकको तत्वले संस्कार बनेर त्यहां गए जस्तै ध्वनि लाउडस्पीकर वाट उत्पन्न भयो ।

**अर्को एउटा उपमा सुन -**

आजकल वैज्ञानिकहरुले नयां तत्व एउटा आविष्कार गरेको छ । त्यो कस्तो तत्व भने - अटोमेटिक टाइप गर्ने मेशिन [1] राइटर नभइकन आफ्नै टाइपले छापिन्छ । जुन देशको खवर लिनु पर्ने हो, त्यो नम्वर मिलाउना साथ त्यहाँको खवर आफै छापिन्छ ।

१. यस उपमाको लागि आजकल आधारित उपकरणहरु जस्तै फ्याक्स, टेलिलभजन आदिलाई वुझेमा अरु स्पष्ट हुन्छ - प्राणपुत्र ।



Downloaded from http://dhamma.digital

त्यसको विधि कसो भने टेलिटाइप अफिस भनेर देश देशावरमा पाइन्छन्। त्यहाँ अफिसमा टाइपराइटरले टाइप गर्दछ। त्यहाँको टाइप मिशिनले जसो जसो गर्ने हो, यहाँको टाइप मिशिनले पनि त्यसरी त्यसरी नै टाइप गर्दछ। जसरी ऐनाको अगाडि बस्नेले जसो जसो गर्दछ ऐना भित्रको छाया पनि त्यसै त्यसै गर्दछ, एउटा पनि भूल हुदैन । उता टाइपराइटरले जुन टाइप छाप्दछ, यता टाइप मिशिनमा पनि त्यही अक्षर टाइपमा छापिन्छ। उता रोल साऱ्यो भने यता पनि टाइप रोल सर्दछ । उता एउटा अक्षर रोकी राख्यो भने यता पनि टाइप अक्षर एउटा रोकिन्छ। उता टाइपराइटर चुप लागे सम्म यताको टाइपराइटर पनि चुप लागी बस्दछ। त्यसरी नै प्राणिको यस जन्ममा गरेको कर्मको विपाक पनि त्यस जन्ममा उत्पन्न हुने गर्छ। देश देशावरको नम्बर झैं प्राणीहरूले आशा गरेको उपादान भएको स्थानमा जन्म उत्पन्न हुने गर्छ। यहाँको कर्मको विपाकले त्यहाँ त्यो जन्ममा सुख दुःख भोग गर्नु पर्दछ। त्यसैले आफूले गरेको जति एउटा पनि फरक नपरी भोग गर्नु पर्ने प्रकृतिको स्वभाव धर्म छ। जसरी प्रतिध्वनि जस्तै। कर्मको फलदाता भनेर कुनै विधाता छैन। प्रकृतिको स्वभावे धर्म हो। आफुले गरेको कर्मको फलभोग नगर्नको लागि देव भक्ति गरी हिड्जे मूर्खहरुलाई प्रकृतिले छाड्दैन। तसर्थ कुनै पनि देवताहरुले क्षमा दियो भनेर क्षमा हुन सक्दैन। विश्वास भएन भने एक पल्ट परीक्षा गरी हेर - आगो हातमा लिएर देवता संग प्रार्थना गर कि मेरो हातमा आगो नपोलस् भनेर। त्यो देवताले रक्षा गर्ला कि नगर्ला ? दुःख विपाक दाता काम नै गरेन भने नगर्ला ? दुःख विपाक दाता काम नै गरेन भने मात्र सुख हुन्छ। आफूले दुःख हुने काम गरेर देवता संग गुहार मागेर देवताले कहिले पनि रक्षा गर्दैन। आफ्नो कर्म आफैले सुधार गरे मात्र आफूलाई सुख शान्ति लाभ हुन्छ। मन्दिरमा क्षमा माग्ने उपाय बताउनेहरुले आंखामा घूलो छ्यापेर राखेको मात्र हो। अब बुझ्यौ कि आयुष्मान ! पुनर्जन्मको कुरा - ठीक त्यही टेलिटाइपको ब्याख्या जस्तै हो।

भन्ते ! मेरो दिमाग अझै पनि फन फन घुम्दैछ। किनभने तपाईले आज्ञा गर्नु भएको कुरा केही पनि होइन भन्न सक्दिन। तर लोकजनहरुको भनाई संग मिल्दैन। संसार मा भएका सबै नै के मूर्ख होला र ? लोकजनहरुको भनाई हो कि - प्राणिहरुको अन्तमा प्राण पुरुषले पंक्षीले पिजडा छाडेर गए जस्तै अर्को नयां शरीर ग्रहण गर्दछ।

आयुष्मान् ! यस्तै तर्क वारेमा बेलायतमा पनि एक पल्ट चर्चा भएको छ। जस्तै - त्यहां एक जना अंग्रेजले त्यस तर्कको परीक्षा लिनेछु भनी अस्पतालमा गएर बाँच्ने



Downloaded from http://dhamma.digital

आशा नभएको रोगी एकजनालाई ठूलो शिशिको भित्र राखेर - यदि प्राणको अन्तमा प्राण बाहिर जाने हो भने शिशि फुटेर बाहिर जान्छ - भनेर शिशिको विर्को कसेर बन्द गरी दियो। भित्रको रोगी श्वास बन्द भएर मर्‍यो।

त्यस कुराको विचारले पनि ज्ञात हुन्छ कि प्राणिहरुको अन्तमा प्राण बाहिर जाने होइन कि लोप भएर जाने हो कसरी भने - तेल भए सम्म बत्ती बली रहन्छ, तेल सकिना साथ बती त्यही नै लोप भएर निभ्छ। अतः त्यो वती के भाडो छाडेर उडेर गयो भन्ने ?म तिमीलाई बताई राखेको नै छु कि - प्राणिहरु पनि तत्वमात्र हो - भनेर।

प्राणिहरुको जीवन कलपूर्जा चली रहेको जस्तै हो। यहां ईश्वरीय महिमा केही पनि छैन। केवल हेतुको प्रभावले - एउटा भएर नै अर्को भएर बृद्धि भएर आउने हो। प्रज्ञा ज्ञान प्राप्त भयो भने - निरोध गर्ने विचार - वैरागले निरोध पनि हुन सक्छ।

भन्ते ! लोकजनहरुले यसरी पनि भन्ने गर्दछ कि कतिको प्राण मुख बाट बाहिर निस्कन्छ , कतिको प्राण आंखा बाट वाहिर निस्कन्छ। यता गयो उता गयो भनिन्छ । भन्ते ! मेरो विचारले हेर्दा त यो कुरा हो जस्तो छ।

आयुष्मान् ! कसरी तिमीले बुझ्नेनौ। प्राण भनेको वाहिर जाने हुदै होइन। आयु सकिना साथ तेल सकेर बती निभे जस्तै मरेर जान्छ। जनताहरुको भनाइमा मात्र न दौड न, आफैले पनि विचार गर्न सिक न।

भन्ते ! म भने जस्तै दौडिएको होइन। प्राण निस्कने ठाउंमा लक्षण थाहा हुन्छ भन्ते।

आयुष्मान ! म श्लोक एउटा पढेर ल्याउछु सुन।

तातो ढुंगामा पानी सुके जस्तै अन्तकालमा प्राण पनि।
नशा नशामा भएको चेतना पनि कमशः छोडि गएकोले ॥
धर्म छाड्यो इन्द्रियादिले चेत केही नभई गयो।
वचेको ढुक ढुक मात्र शरीर अर्को सबै जड समान ॥
सुत्त गयो त्यहां प्राण पानी झै अन्त भयो जीवन।
उत्क्रमाव हुने लोकमा जीवहरु सवै समान ॥

जसरी घामले रंकिएर तातिएको ढुंगा एउटामा पानी एक घैला खन्यायो भने त्यो



Downloaded from http://dhamma.digital

पानी सुकेर जाला कि नजाला ?

जान्छ भन्ते !

त्यां पानी सुक्दा एकै चोटी स्वात्त सुक्छ कि कमशः एक नाशले सुकेर जान्छ ?

कमशः सुकेर जान्छ।

कुन प्रकारले कमशः सुकेर जान्छ ?

भन्ते ! पानी पात्लो ठाउंमा छिटो सुक्छ । जति जति पानी बाक्लो हुन्छ त्यसरी नै सुक्न ढिला हुन्छ।

सबैभन्दा पछाडी कुन ठाउँमा पर्छ ?

जहां भए पनि एक ठाउँमा पानी धेरै भएको ठाउंमा पछि पर्छ।

त्यसरी नै आयुष्मान् ! प्राणिहरुको आयु सकिना साथ शरीर भरी फिजेको नशा नशामा व्याप्त प्राण पनि एक नाशले कमैले छाडेर जान्छ। पछि कहां पुगेर सकिने हो त्यस ठाउंमा पुग्नासाथ अन्तिम स्थानमा अन्तिम पटक विशेष प्रकारले चाल देखा पर्दछ। जसरी तेलले बालेको बत्ति तेल सकिने बेलामा वत्ती एक पल्ट उज्यालो भएर आउँछ। त्यसरी नै प्राणिको अन्तिम अवस्था पनि हो।

भन्ते ! आत्मा अविनाशी - ध्रुव भनेको कुरा मिलेन त !

आयुष्मान् ! आत्मा अविनाशी - भन्नेहरुको सिद्वान्त अर्कै हुन सक्छ। किनभने विभिन्न सम्प्रदायको विभिन्न परिभाषा अलग अलग हन सक्छ। तसर्थ भगवान बुद्वको सिद्वान्तमा पालि भाषामा अत्ता भनी राखेकोलाई संस्कृत भाषामा आत्मा भन्दछ। अत्ताको अर्थ हो - आफू अर्थात म। त्यसैलाई अहं भाव पनि भन्दछ।

हुनु पनि हो अहं भाव भनेको रुप आकार केही नभएको भाव मात्रको भएकोले साधारण कुरा होइन। ब्रह्मादि देवता, ठूल्ठूला तपश्वीहरुले पनि खोजेर नपाएको, हेर्दा देख्न नसकेको, निरोध गर्नु त परै जावस्। विपश्यना ज्ञान अर्थात प्रज्ञा भावना - तत्वज्ञान विना न पाउन सकिन्छ न निरोध गर्न सकिन्छ। गन्धकमा आगो लुकेर बसे जस्तै नाम रुपमा थाहा नपाइकन लोप भइरहेको आत्म निरोध गर्न गाह्रो भएकोले नै ज्ञानी ध्यानीहरुले



Downloaded from http://dhamma.digital

आत्मा अविनाशी भनेको हुन सक्छ। तर भगवान बुद्धले यस संसारको वीज रुपी आत्म भावलाई देखेर, पाएर पनि निरोध गरेर पुनर्जन्म हुनु नपर्ने निर्वाण पद प्राप्त गर्नु भयो र लोकमा प्रकाश पनि गर्नु भयो ! त्यो हो विपश्यना ज्ञान।

भन्ते ! विपश्यना ज्ञान भनेको कस्तो ?

आयुष्मान ! विपश्यना ज्ञान भनेको लामो छैन। तर बुझ्न गाह्रो। बुझी हालेता पनि सुनेको भरमा मात्र बुझ्दा पनि विपश्यना हुदैन। प्रज्ञा चक्षुले नै देख्नु पर्दछ। ता पनि नसुकिकन प्रज्ञा चक्षु खोल्न पनि गाह्रो तसर्थ तिमीलाई म विपश्यना ज्ञानको कुरा बताउँछु। तिमीले विचार गरी प्रज्ञा चक्षुले देख्ने कोशिस गर।विपश्यना भनेको मांस चक्षुले देख्ने दर्शन होइन। प्रज्ञा ज्ञानले विचार गरी हेर्नु हो। प्रज्ञा ज्ञानले केलाई हेर्नु पर्ने भन्दा-अनित्य दुःख, अनात्म- यी तीन प्रकारलाई यथार्थ रुपले ज्ञानले विचार गरी हेर्नु।

## अनित्य

अनित्य भनेको संसारमा उत्पन्न भएको जति प्राणि अप्राणि सवै नै नित्य भएर बस्दैन, समाप्त भएर जान्छ, विग्रेर जान्छ , मरेर जान्छ परिवर्तन भएर जाने भएकोले अनित्य भनेको हो। त्यही अनित्य भई रहेको स्वभाव धर्मलाई आंखाले देखे जस्तो गरी ज्ञानले यथार्थ हुने गरी देख्नु।

## दुःख

दुःख भनेको मन नपरी नपरी भएर आउने दुःख हो। मन नपरी हुने, आफूले भने जस्तो नभएर हो। आफूले भने जस्तो नभएको नै स्थिर नभएको अनित्यले गर्दा, मरेर जाने, समाप्त हुने, बिग्रेर जाने, बदलिएर जाने, त्यसैले दुःख भएको हो। त्यही दुःखलाई प्रज्ञा चक्षुले यथार्थ हुने गरी देख्नु।

## अनात्म

अनात्म भनेको अनित्य र दुःखले भरिएको अध्यात्म र वाह्य कुनै पदार्थ नै म, मेरो भन्न योग्य छैन। यदि म मेरो भन्ने योग्य भएको भए जसलाई म मेरो भनी रहेको



Downloaded from http://dhamma.digital

छुं ती बस्तुहरु मैले भनें जस्तो हुनु पर्ने हो। जहां आफूले भनें जस्तो हुदैन, त्यहां त्यो पदार्थ आत्मा हैन अनात्मा हो भनेर यथार्थ रुपले प्रज्ञा ज्ञानले देख्नु।

भन्ते! भगवान बुद्ध उत्पन्न भएको २५०० वर्ष नै भएको छैन, त्यहां भन्दा पहिला संसारमा अर्को धर्म कुनै पनि छैन र ?

छ किन छैन ? पहिले पनि ठूल्ठूला धर्म प्रचार भई रहेको छ। जुन धर्मको प्रभावले स्वर्ग सुख पनि प्राप्त हुन सक्छ , साकार निराकार ब्रह्मलोक पनि प्राप्त हुन सकछ। ऋद्धि सिद्धि पनि प्राप्त हुन सक्छ। देव साधना पनि गर्न सक्छ , पानी पार्न सक्छ , आँधी ल्याउन सक्छ , आगो प्रकट गर्न सक्छ इत्यादि अनेक प्रकारका लौकिक सिद्धि प्राप्त गर्ने धर्म छ। तर ती सबै प्रवृति मार्ग मात्र हो। यो निवृति मार्गको ज्ञान त केवल तथागत सम्यक सम्बद्धले मात्र देखाउनु भएको हो। तथागतहरु उत्पन्न नभइकन लोकोत्तर ज्ञान निवृति मार्ग पाउनु असंभव।

ब्रह्मलोक भन्ने पनि साधारण भूवन होइन। त्यहां बस्ने पुण्य भए सम्म त्यहां पनि सांसारिक झण्झट बाट अलग भएर बस्दछ। त्यो पनि वर्षौं वर्ष मात्र होइन हजारौं कल्प आयु भएको भूवन हो। तर के गर्नु आयु जति सुकै भएता पनि भएको जति सबै सकिएर जाने भएकोले एक दिन सकिने अवश्य। त्यहाँबाट पुनरागमन भएर फेरि पनि संसार चक्र नै घुमी रहनु पर्दछ। लोकोत्तर ज्ञान भनेको त्यस्तो होइन। संसार चक्रमा घुमी रहनु पर्ने हेतुलाई निरोध गर्न सकिने हो। हेतु निरोध हुनासाथ निर्जीव भएर पुनरागमन हुनु पर्दैन। यस कुराको सिलसिलामा मिलेको एउटा कुरा सम्झना भएर आयो। के भनें -

एक समय भगवान बुद्धसंग प्रश्नाकार एकजनाले आत्मा बारे प्रश्न गऱ्यो - महा श्रमण! तपाईसंग सोध्दछु कि - आत्मा छ कि छैन ?

भगवान् - संसारमा जन्म हुनु परे सम्म आत्मा छ। जन्म मरणको चक्रवाट मुक्त भएको व्यक्ति मरण भएर जन्मनु नपर्नेको आत्मा छैन।

आत्मालाई अविनाशी भनी विश्वास गरी राखेमा अविनाशी नै भई बस्दछ। निरोध गर्ने ज्ञान हुनेले निरोध नगरेमा निरोध पनि भएर जान्छ। आत्मा अविनाशी भएसम्म जन्म मरण भई नै रहन्छ। आत्मा निवृत्ति गर्न सकेमा जन्म मरण पनि हुनु पर्दैन।



Downloaded from http://dhamma.digital

तथागतहरूको अमूल्य ज्ञान यही हो कि अविनाशी भनिएको आत्मालाई निवृत्ति गर्न सकिने लोकोत्तर ज्ञान छ ।

यदि संसारमा जन्म मरणको चक्रमा कहिले पनि आवागमन नहुने गरी निर्वाण पद प्राप्त गर्ने इच्छा भएमा, आश्रवको मूल हेतु भइरहेको आत्म दृष्टिको विश्वास नै हटाउन सक्नु पर्दछ । आत्मदृष्टि निरोध गर्न सकेमा मात्र निर्वाण पद प्राप्त गर्न सकिन्छ ।

**श्लोक**

तत्व  तत्व लीन हुन गयो क्लेश बाँकी रह्यो ।
क्लेश र शेष बाँकी त्यसलाई आत्मा भनियो ॥
तत्व संग्रह भएको ठाउँमा शब्द ग्राहक हुन गयो ।
रेडियोमा भएको भाषण अर्को देशमा पुग्न गयो ॥
त्यस्तै देह नरको विषय ग्राही भएको तत्व स्वभाव पनि ।
तत्व ज्ञानले बुझ्ने सत्यले लोप हुन्छ त्यहाँ आत्मा पनि ॥

प्राणीहरू अन्तकालमा धातु मात्र धातुमा मिल्न जान्छ । तर विषय वासनाको क्लेश मात्र संस्कारको रूप भएर पुनर्जन्मको कारण बन्दछ । जसरी रेडियो को माइकमा भनिएको शब्द अर्को देशमा रेडियोमा उत्पन्न हुन गए जस्तै हो । रेडियोको माइक धातु मात्र हो । तर त्यसमा भनिएको शब्द त्यसैमा लय भएर जाने होइन । माइक, बिग्रेर गएता पनि त्यहाँ भनिएको कुरा जानु पर्ने ठाउँमा गई सक्यो । माईकसंगै बिग्रेर जाँदैन । त्यसरी नै शरीर नाश भएर गएता पनि त्यो शरीरको काय वाक चित्तले गर्ने कर्म क्लेश मात्र अरूप भएर संस्कार जोडिएर पुनर्जन्म हुनेलाई नै लोकजन हरूले आत्मा अविनाशी भनेको हो । यस प्रकारले भ्रम भएको नै प्रज्ञा ज्ञानको अभावले हो । प्रज्ञा ज्ञानले तत्वको स्वभाव धर्म थाहा पायो भने आत्म भाव लोप भएर निर्जीव-हेतु-शून्य-निर्वाण पद प्राप्त अवश्य नै हुन्छ ।

आयुष्मान ! परमार्थ ज्ञान भन्ने तत्व ज्ञान थाहा नपाएमा आत्मा र तृष्णा निरोध हुन सक्दैन । आत्मा र तृष्णा निरोध नगरी सिर्फ पुनर्जन्म भन्ने छैन भन्ने सिद्धान्त मात्र मान्नेलाई उच्छेदवादी भनिन्छ । निरोध गर्दा निरोध हुने आत्मा  अर्थात् अहं भावलाई निरोध गर्नेतिर नलागेर आत्मा ध्रुव अविनाशीलाई भनी विश्वासमा डुबेर बस्नेलाई



Downloaded from http://dhamma.digital

शाश्वतवादी भनिन्छ ।

उपरोक्त दुवै सिद्धान्तलाई यथार्थ भ्रौं निर्णय गरेर मात्र त्यसबाट बचेर जन्म मरणको चक्रबाट मुक्त हुने मार्ग पाउन सक्ने तथागत सम्यक सम्बुद्धलाई अथवा वहाँको अनुयायीलाई यथार्थवादी भनिन्छ ।

भन्ते ! तपाईंले उपदेश गर्नु भएको एउटा पनि होइन भन्न सक्दिन । तर मेरो विचारमा लोक भनाई एउटा एउटा सम्झना भएर अप्ठ्यारो पारी छेकी राखेको छ । तपाईंले भने प्राणिहरूको अन्तमा प्राण निस्कदैन, लोप भएर जान्छ भन्नु भयो । लोकले भने प्राणीहरूको अन्तमा काल आएर लान्छ भनी सबैले एउटै मुखले भन्दछन् । तपाईंको उपदेश र लोक भनाई मिलेन , यो कसरी ?

आयुष्मान् ! काल भनेर यमराजलाई भनेको होइन । अज्ञानीहरूलाई तर्साएको सम्म मात्र हो । बखत, समय बेला, काल एउटै अर्थ हो । सकाल, विकाल, अकाल, भनी वेला वखतलाई भनिन्छ । आयो भनेको शब्दको अर्थ - भयो, पुग्यो भने जस्तै हो । जस्तै - दशैं आयो, तिहार आयो, घोडाजात्रा आयो । त्यसरी नै काललाई पनि आयो भनेको हो । उनिहरू आएका होइनन् । हामीहरू त्यहाँ पुगेका हौं । जसरी हामी भक्तपुर जाँदा ठिमी आयो, टुडिखेल आइपुग्यो भनिन्छ । त्यहाँ के ठिमी, टुंडिखेल आइपुग्यो कि हामी त्यहाँ पुग्यौं ? हामी त्यहाँ पुगेको वाहेक त्यो ठाउँ हामी कहाँ आई पुगेका होइन । त्यसरी नै काल हामी कहाँ आएको होइन कि, हामी समाप्त, अन्त हुने अवस्था आई पुगेकं हो । समाप्त हुने आई पुग्यो भन्ने अर्थ हो । यमराज, यमदूत भनेको पनि त्यस्तै हो । यम भनी कुनै प्राणीको नाम होइन । यमराज भन्ने कुनै प्राणी हो भने त्यो प्राणी जन्म हुनु पर्ने हो । यमराजको आयु सकिनासाथ त्यो पनि मरण हुन्छ । त्यहाँ अरू प्राणीहरू कहिले पनि मर्नु पर्ने छैन । त्यसप्रकार होइन आयुष्मान ! यमको अर्थ पनि छ त्यो कसरी भने- जन्म भएको प्राणी मरण हुनु पर्ने प्रकृतिको नियम छ । यही नियमलाई यम भनेको हो ।

भन्ते ! त्यसरी म पत्यार गर्दिन । किन भने कति कति रोगी सिकिस्त हुंदा यमदूत आयो भनी आँखा ठूलो पारेर, डरलाग्दो हुने गरी कराउने, सबैले देखेका छन् ।

आयुष्मान् ! त्यस्ता रोगी डराउने प्राणीहरू सबै हुँदैन । त्यस्तो वखतमा कसैले



Downloaded from http://dhamma.digital

देवमान, देख्ने पनि छन् , देवतादि देख्ने पनि छन् , जन्तु देख्ने पनि छन्, भूत प्रेत देख्ने पनि छन् राक्षसादि देख्ने पनि छन् । पुण्य धर्म गर्नेको अन्तमा रमणीय दृश्य देख्दछन्, पाप गरी हिंड्नेलाई भयंकर दृश्य देख्दछन् ।

## उपमा

कुनै अज्ञानी एकजनाले अरूको कुनै पदार्थ धनिले नदेखिकन लिएर गयो । त्यो लिएर जाने व्यक्ति सरासर गई रहेको समयमा मालको धनी कुनै कार्यवश दौडिएर आएको देख्दा त्यो सामान लाने व्यक्तिको हंश उड्यो । त्यो मालको धनी देख्नेहरू कति छन् कोही पनि डराएन, त्यही एक जना मात्र किन डरायो ?

भन्ते ! त्यो चोर हो, कसुरदार हो त्यो किन नडरावस ?

त्यसरी नै संसारमा अकुशल कर्म गर्ने प्राणीको अन्तमा आफ्नो कसुरदारको निम्ति आफै भयंकर हुनेगरी भयंकर दृश्य देखा पर्दछ । कुशल कर्म गर्नेको अन्तमा मनोरम सुख अनुभव हुनेगरी शुभदृश्य देखेर आनन्द मानेर बस्ने प्रकृतिको स्वभाव धर्म हो । धर्म चित्त भएको व्यक्तिले देख्ने दृश्य अधर्मीले देख्दैन, अधर्मीले देख्ने दृश्य धर्मिकले देख्दैन । प्राणीहरूको अन्तकालमा कस्तो दृश्य देख्दछ - त्यस्तै भूवनमा उत्पन्न हुन्छ । आ-आफ्नो कर्तुल अनुसारले स्वर्ग या नर्क भोग गर्नु पर्दछ । कसैले लिन आउने पनि होइन , अर्ध जलमा राख्दैमा तर्ने पनि होइन । कसैले श्राद्ध गर्‍यो भन्दैमा नर्कबाट उद्धार हुने पनि होइन । जसले जस्तो सुकै गरेता पनि पापी अत्याचारीहरू कदाचित स्वर्ग जान्दैन ।

आयुष्मान् । यथार्थ मा यमदूत भनेको कुनै भयंकर प्राणी होइन । शरीर जीर्ण अवस्थामा पुग्ना साथ जीर्ण भएको लक्षण देखिन आउने नै मरण नियम को दूत भनेको हो ।

## कर्मानुसार गति

१. प्राणीहरू प्रति दया माया नहुनेहरू हिंसक जति नर्क भोग गर्नु पर्छ ।
२. खानुमा लोभी, असन्तोपी, कपटी प्रेतगतिमा पर्छ ।[1]

---

१. पर उपकारको लागि दान नगर्नु आदि सम्पूर्ण लोभ स्वभावहरू पनि यसैमा समावेश हुन्छ ।



Downloaded from http://dhamma.digital

३. पशु बुद्धिहरू तिर्यक (पशुपंक्षी) योनीमा उत्पन्न हुन्छ।
४. विचारवानहरू मनुष्य लोकमा जन्म हुन्छ।[२]
५. क्रोधी, निस्साहारी, झगडालु दैत्यको भूवनमा प्रकट हुन्छ।
६. प्राणीहरू प्रति दयाकरुणा हुनेहरू स्वर्ग लोकमा।
७. साकारको ध्यानीहरू साकार ब्रह्मलोकमा
८. निराकारको ध्यानीहरू निराकार ब्रह्मलोकमा।
९. आश्रव क्षय हुनेहरू निर्वाणम (प्राप्त गर्छन) निर्वाण भनेको पुनरागमन हुनु नपर्ने हेतु निरोध भएर जन्म मरणको चक्रबाट मुक्त हुनु हो।

भन्ते! धन्य धन्य म सन्तोष भएँ। अव पुग्यो। निको पारेर निको पार्न नसकेको हृदय घाउ अव बल्ल निको भयो। यस संसारमा बार बार जन्म मरण भएर बस्नु मलाई मन परेन। यति राम्रो जसले पनि बुझ्न सक्ने यस्तो परमार्थ ज्ञानलाई लोकजनहरूले तृष्णाको वशमा परेर लोकायिनी शब्दले छोपेर नदेख्ने गरी ढाकेर राख्यो। यस्तो मतलवी संसारमा मलाई बस्ने इच्छा भएन। मलाई पनि निर्वाणको बाटो देखाई दिनु हांस्।

आयुष्मान। निर्वाण पदको इच्छा छ भने पहिला शील विशुद्धि हुनु पर्छ, अर्थात् गर्नु नहुने कुकर्मलाई त्याग गर्न सक्नु पर्छ। त्यसपछि प्राणीहित कामना गरी मैत्री करूणा, मुदिता, उपेक्षा भन्ने ४ प्रकारका ब्रह्म विहारको चर्या गर्नु पर्छ। ठूलो हुने नगरेर सानो हुने गर्नु पर्छ। चित्त परिशुद्ध हुनासाथ परमार्थ ज्ञान दर्शन अर्थात महाज्ञान सार द्रव्यको प्रज्ञा विचारको भावना गर्नु पर्दछ। पहिला निम्न पालि गाथा अनुसार सुरू गर्नु पर्छ-

**गाथा**

मग्गानट्ठङ्गिको सेट्ठो सच्चानं चतुरोपदा।
विराग सेट्ठो धम्मानं द्विपदानञ्च चक्खुमा॥

(धम्मपद २०१।२७३)

**तदर्थ**

मार्ग मुध्ये श्रेष्ठ अष्टाङ्गिक मार्ग।
सत्य मध्ये श्रेष्ठ चार आर्य सत्य।

---

२. विचारवान भन्नाले कर्म र कर्मफल बुझी दान, शील, भावना आदि दश कुशल कर्महरू गर्नेलाई बुझ्नुपर्दछ-प्राणपुत्र।



Downloaded from http://dhamma.digital

धर्म मध्ये श्रेष्ठ वैराग ।
मानिसमध्ये श्रेष्ठ चक्षुमान बुद्ध ।

निर्वाण जानलाई मार्ग आठ अंगको मध्यम मार्ग हो । त्यसमा पहिलो सम्मा दिट्ठि देख्न पर्ने नै चार आर्य सत्य हो । चार आर्य सत्यको ज्ञान यथार्थ रूपले नबुझ्ेसम्म निर्वाणको वाटोमा पर्दैन ।

पहिला उपरोक्त दृष्टि विशुद्धि नै हुनुपर्छ । त्यसपछि मात्र आर्य मार्गारोहण गर्ने शक्ति भएर आउँछ । भने जतिमा विश्वास गरी बस्नु मित्थ्या दृष्टि हो । आफूले नबुझ्ेसम्म धर्म पनि सफल हुँदैन । तसर्थ आर्य मार्ग गामी हुनलाई विचारवान् हुनु पर्दछ । विचार को रूप अनेक छन् - मिथ्यादृष्टि विचार मिथ्या नै हुन्छ । सम्यक दृष्टिको विचार सम्यक नै हुन्छ । शुद्ध विचारवान हुनलाई शुद्धाचरण गर्ने हुनुपर्छ ।

भन्ते ! शुद्धाचरण भनेको कसरी ?

आयुष्मान ! शुद्धाचरण भनेको आहारमा मात्रा ज्ञान हुने हुनुपर्छ । अर्थात् यति आहार मलाई पुग्छ , यतिभन्दा बढी भएमा मेरो शरीर ठीक हुँदैन भनी थाहा पाउनु र त्यो पदार्थ खानाले ज्ञानमा सफल हुन्छ, यो पदार्थ खानाले ज्ञानमा वा चित्तमा हानी हुन्छ भनी थाहा पाएर खानु र मात्रा भाषी, निर्दोष कार्य, मनसा संवर हुने फेरि शुद्धाशुद्ध वारे विचार बनाउनु ।

भन्ते ! जसरी भए पनि निर्वाण पद-प्राप्त गर्ने बाटो देखाई दिनु होस् ।

त्यही त तिमीलाई बताउंदै छु सुन !

**निर्वाण भनेको एकपल्ट सारक्षात्कार नी गर्नु पर्छ ।**

निर्वाण साक्षात्कार गर्ने विधि

जहाँ सम्म संसार शुभ सुख रमणीय देखिन्छ । जहाँसम्म इन्द्रिय सुखको अभिलाषा रही नै रहन्छ, त्यहाँसम्म निर्वाण साक्षात्कार हुँदैन । जहाँसम्म निर्वाण साक्षात्कार हुदैन त्यसमा संलग्न हुन सक्दैन । इन्द्रियद्वारा सुख मानेर बस्ने विपयमा विपले भारिएको भनी थाहा पाउनु पर्दछ । विपले भरिएको विपश्यना ज्ञानले * देख्नासाथ विषय देखेर वैराग हुन्छ, वैरागीले शील पालन गर्छ , शीलको मूलाङ्ग मैत्री भावना हो । प्राणी

---

* आजकाल विपश्यना ध्यान शिविर काठमाडौंमा नियमित संचालन हुँदैछ । १० दिने शिविर बस्नुभएमा विशेष लाभ हुनेछ - प्राणपुत्र)



Downloaded from http://dhamma.digital

मात्रलाई मित्रता भाव हुनेले कुनै प्राणीलाई दुःख दिने काम गर्दैन । जसरी आफूलाई दुःख मन पर्दैन त्यसरी नै सबैलाई दुःख मन पर्दैन भनी थाहा पाएर कसैलाई पनि दुःख नहुने काम गर्नु शील हो । अर्को आफूलाई दुःख हुने खराव वानी समाल्नु पनि शील हो । परिशुद्ध भावले शील पालन हुनासाथ चित्त शुद्ध हुन्छ त्यहाँ समाधि गर्न सकिने साहस हुन्छ । समाधि ले नै चित्त विशुद्ध हुन्छ । समाधि भनेको चितस्थिर हुने हो । स्थिर चित्तले विपश्यना ज्ञान प्रज्ञा भावनालाई सार असार आत्मा अनात्मा नित्य अनित्य सुख दुःख देख्न सक्दछ । फेरि नाम रूप दुवैलाई रूप भनेको चार महाभूतको समूह भएकोले एउटा एउटा भूतले एउटा एउटा तत्वको काम स्वभाव अनुसारले गरी राखेकोले, घण्टा बजाउना साथ आवाज आए जस्तै महाभूत अर्थात् इन्द्रिय र विषयको स्पर्शले अनुभव र तृष्णा उत्पन्न भैरहेको अरूप नाम स्कन्धलाई नै कतिले चैतन्य भनी मान्दछन् । त्यो चैतन्यलाई अविनाशी भनी भन्दछन् । त्यो अविनाशी होइन, हेतु प्रत्यय हो । त्यो हेतु- महाभूतलाई शक्ति दिएको केले भन्दा ऋतु आहार दुवैले हो । ऋतु र आहार विना महाभूतको तत्व शून्य छ । त्यही नाम र रूपको अन्योन्याश्रित प्रत्ययको हेतु ज्ञानलाई अववोध हुनु नै निर्वाध पद या तत्व हो ।

निर्वाण तत्व

नाम र रूपको ज्ञान थाहा पाउने हुन्छ आर्य पुद्‌गल ।
नाम हो रूपको हेतु रूप पनि नामको तथा ॥
परस्पर नाम र रूप हेतुले उत्पन्न है दुवै ।
एउटा नभएमा अर्को नास्ति अर्को नास्ति दुवै समाप्त ॥

(यसपछि निर्वाणको बाटो कस्तो छ ? कसरी त्यहाँ पुग्न सकिन्छ ? त्यहाँ पुगेपछि के हुन्छ ? इत्यादि निर्वाणको विषय गुरुको विचार पढ्ने मन कामना भएका पाठक वर्ग हरूले 'निर्वाण मार्ग' भन्ने बु. स. २५०८ मा श्री भाई साहु (हर्परत्न) धालासिको असन हिगाःधको तर्फवाट प्रकाशित भएको पुस्तक हेर्नु भएमा वेश हुने छ)



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital